# नेपालमा लैङ्गिक समानता

## तथ्य र तथ्याङ्क



नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं



# नेपालमा लैङ्गिक समानता

## तथ्य र तथ्याङ्क

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौँ

मा. भगबती चौधरी
मन्त्री
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार
Government of Nepal

Hon'ble Bhagbati Chaudhary
Minister
Ministry of Women, Children and Senior Citizens
Singhadurbar, Kathmandu, Nepal

पत्र संख्या (Letter No.)
चलानी नं. (Ref. No.) :

## प्राक्कथन

'लैङ्गिक समानताको लागि विकास' कार्यक्रममार्फत् महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्य सरोकारवाला सरकारी निकायको सहकार्यमा "नेपालमा लैङ्गिक समानता: तथ्य र तथ्याङ्क" पुस्तिका तयार गरी प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई निकै खुशी लागेको छ ।

नेपालमा भएका विभिन्न राजनीतिक परिवर्तनका कारण महिला सशक्तीकरण र महिला हक, अधिकारको सचेतनामा उल्लेख्य विकास भएको छ । नेपालको संविधान र अन्य कानूनहरूले लैङ्गिक समतामूलक र न्यायपूर्ण समाज निर्माण गर्न विभिन्न नीतिगत व्यवस्था गर्नुको साथै यसका लागि सरकारबाट सोसम्बन्धी कार्यक्रमहरू समेत सञ्चालन भएका छन् । यस्ता व्यवस्थाले लैङ्गिक समानताका सूचकहरूमा पर्याप्त सुधार समेत गरेको छ ।

प्रस्तुत प्रकाशनको सूचना र तथ्याङ्कलाई सरकारी नीति निर्माण र कार्यान्वयनसँग जोडेर गरेको व्याख्याले समयक्रममा आएका परिवर्तनसँगै लैङ्गिक समानताको क्षेत्रमा भएको प्रगति मापन गर्न उपयोगी हुने देखिन्छ । यसले नेपालमा लैङ्गिक समानता र उत्थानको क्षेत्रमा काम गर्ने संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, नीति निर्माता, गैरसरकारी संघसंस्था, अध्येता र नीति निर्माणमा संलग्न सबैलाई सहयोग पुग्ने अपेक्षा गर्दछु ।

यो प्रकाशनको लागि आवश्यक प्राविधिक र आर्थिक सहयोग गर्ने नर्वेली सरकारलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यस्तै, यसमा संलग्न यस मन्त्रालय र अन्य सरकारी निकायका कर्मचारी र नर्वेली सरकारका सहजकर्ता र विज्ञ सहयोगी सबैलाई धन्यवाद व्यक्त गर्दछु ।

भगबती चौधरी
माननीय मन्त्री

वैशाख २०८१

Phone No. : +977-1- 4200280, Email : bhagbati.chaudhary@gmail.com, minister@mowcsc.gov.np, Website : www.mowcsc.gov.np

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
इमेल : info@mowcsc.gov.np
media@mowcsc.gov.np
वेभसाईड : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं.:

## आभार

"नेपालमा लैङ्गिक समानताः तथ्य र तथ्याङ्क" पुस्तिका प्रकाशन हुन लागेकोमा मलाई खुशी लागेको छ। बढी समतामूलक र न्यायपूर्ण समाज निर्माण गर्न लैङ्गिक समानताको गतिशीलता बुझ्नु जरुरी हुन्छ । सही र सान्दर्भिक जानकारी सहितको समयक्रमगत तथ्य र तथ्याङ्कको यो सङ्कलनले नेपालमा लैङ्गिक उत्तरदायी योजना निर्माणका लागि महत्वपूर्ण स्रोतको रूपमा काम गर्नेछ । लैङ्गिक समानताको ज्ञानमा आधारित नीति निर्माण, कार्यान्वयन र अनुगमन गर्न सरकारी क्षमता सुदृढ गर्ने उद्देश्यले संस्थागत सहयोग कार्यक्रमअन्तर्गतको यो प्रकाशन नेपालमा 'लैङ्गिक समानताको लागि विकास' परियोजनाको प्रतिफल हो ।

यो प्रकाशनले लैङ्गिक समानतासम्बन्धी कार्यक्रमको योजना र कार्यान्वयन गर्ने संवादको लागि महत्वपूर्ण आधार प्रदान गर्छ । प्रस्तुत तथ्याङ्कले जनसांख्यिक विवरण, मातृत्व र बालबालिका, शिक्षा, श्रम बजारको अवस्था, परम्परागत अभ्यासहरू, महिला सशक्तीकरण, र महिला सुरक्षामा विद्यमान लैङ्गिक असमानताका प्रमुख सरोकारका आयामहरूलाई समेट्छ । नीति प्रभावसँगको कारक सम्बन्धलाई चित्रण गर्ने गरी यी विषयलाई रेखाचित्र र तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

लैङ्गिक समानताको लागि विकास कार्यक्रमले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्य सरोकारवाला सरकारी निकायबीच सहकार्य स्थापित गरेको छ र यी निकायको लैङ्गिक समानतासम्बन्धी तथ्याङ्क सङ्कलन, विश्लेषण र सार्वजिनक गर्ने क्षमता अभिवृद्धि गरेको छ।

म मन्त्रालयको तर्फबाट, नोराड (विकास सहयोगको लागि नर्वेली संस्था), बुफडिर (बालबालिका, युवा र परिवार मामिलाका लागि नर्वेली निर्देशालय), नर्वे तथ्याङ्क कार्यालय र काठमाडौंस्थित शाही नर्वेली दूतावासबाट यो प्रकाशनलाई साकार पार्न गरेको सहयोगप्रति आभार व्यक्त गर्दछु। यस प्रकाशनमा अन्वेषण र व्याख्या गरिएको यो तथ्यात्मक आधारले सरोकारवाला व्यक्ति, संस्था र नीति निर्मातालाई उचित निर्णय लिन र लक्षित हस्तक्षेपकारी कार्यक्रमको कार्यान्वयन गर्न सघाउनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, हाम्रा मूल्यवान पाठकबाट यस प्रकाशनको सुधारमा रचनात्मक सुझावको अपेक्षा गर्दछु। यस प्रकाशनमा कहीं कुनै त्रुटि र छुटपुट देखिएमा आगामी संस्करणमा आवश्यक सम्बोधन गरिने नै छ।

वैशाख २०८१

दिनेश भट्टराई
सचिव

# यस प्रकाशनमा संलग्न लेखक तथा सम्पादक मण्डल

| नाम | पद | कार्यालय |
|---|---|---|
| आभा श्रेष्ठ कर्ण | सहसचिव | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| डा. हेमराज रेग्मी | उपप्रमुख तथ्याङ्क अधिकारी | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| रामहरि गैहे | निर्देशक | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| सुरेश बस्न्यात | निर्देशक | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| कृष्ण तुलाधर | निर्देशक | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| भरतराज शर्मा | निर्देशक | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| मनोहर घिमिरे | निर्देशक | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| कपिलप्रसाद तिमल्सेना | उपसचिव | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| सीता अधिकारी | प्रमुख महिला विकास अधिकृत | राष्ट्रिय महिला आयोग |
| कृष्णप्रसाद पंगेनी | प्रहरी उपरीक्षक | मानच बेचबिखन अनुसन्धान ब्युरो, नेपाल प्रहरी |
| ज्योति के.सी. | तथ्याङ्क अधिकृत | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| सुमन्तकुमार यादव | तथ्याङ्क अधिकृत | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| नेत्रप्रसाद कोइराला | शाखा अधिकृत | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| सुलोचना खनाल | शाखा अधिकृत | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| म्यारियन होल्डन | कार्यक्रम प्रबन्धक | बालबालिका, युवा र परिवार मामिलाका लागि नर्वेली निर्देशालय |
| मिरियम क्र्यामर | वरिष्ठ सल्लाहकार | बालबालिका, युवा र परिवार मामिलाका लागि नर्वेली निर्देशालय |
| गुदरुन जेवन | परामर्शदाता | बालबालिका, युवा र परिवार मामिलाका लागि नर्वेली निर्देशालय |
| सोफिया बर्टेल्सन रोड्रिगज युसेबियो | वरिष्ठ सल्लाहकार | बालबालिका, युवा र परिवार मामिलाका लागि नर्वेली निर्देशालय |
| जन ओलव फोल्स्लान्ड | महाशाखा प्रमुख | तथ्याङ्क नर्वे |
| लेन सान्डभिक | वरिष्ठ सल्लाहकार | तथ्याङ्क नर्वे |

# विषय सूची

जनसंख्या ........ १२

मातृत्व र बालबालिका ........ २०

शिक्षा ........ ३०

श्रम बजार ........ ४०

हानिकारक परम्परागत अभ्यासहरू ........ ४८

महिला सशक्तीकरण ........ ५४

महिला सुरक्षा ........ ६६

सन्दर्भ सूची ........ ७५

परिच्छेद १

# जनसंख्या

## महिलाको संख्या र औसत आयु पुरुषको भन्दा बढी

**सबै प्रदेशमा महिलाको संख्या पुरुषको भन्दा बढी छ। यो जनसांख्यिक भिन्नताको प्रमुख कारण पुरुषको श्रम आप्रवासन हो। वि.सं. २०७८ को जनगणना अनुसार करिब २२ लाख नेपालीको बसोबास विदेशमा छ, तीमध्ये ८० प्रतिशतभन्दा बढी पुरुष छन्। त्यसबाहेक, महिलाहरूको स्वास्थ्यमा भएको सुधारका कारणले पनि महिलाको औसत आयु पुरुषको तुलनामा दुई वर्ष बढी छ।**

पछिल्लो सय वर्षमा नेपालको जनसंख्या निरन्तर बढिरहेको छ। वि.सं. १९६८ को जनगणनामा नेपालको जनसंख्या ५६ लाख थियो भने वि.सं. २०७८ को जनगणनामा नेपालको कुल जनसंख्या २ करोड ९२ लाख पुगेको छ। विशेष गरी पछिल्ला केही दशकलाई हेर्दा, यहाँको जनसंख्या विश्वका अन्य धेरै विकासोन्मुख देशहरूमा जत्तिको तीव्र रूपमा वृद्धि भएको भने छैन। जनसंख्याको प्रवृत्तिलाई प्रभाव पार्ने दुई प्रमुख कारक छन्। पहिलो, घट्दो प्रजनन् तथा मातृ मृत्यु दर र महिलाहरूको स्वास्थ्य अवस्थामा सुधार जसका कारण महिलाहरूको औसत आयु पनि बढेको छ। दोस्रो, विशेष गरी खाडी मुलुकलगायत विश्वका विभिन्न भागमा यहाँका दक्ष र अदक्ष कामदारहरू वैदेशिक रोजगारीका लागि जानु नेपालको जनसांख्यिक प्रवृत्तिको प्रमुख विशेषता हो।

### पुरुषभन्दा महिलाको संख्या बढी


रोजगारीका लागि विदेश जानेहरूमा महिलाको तुलनामा पुरुष बढी छन्। यसले गर्दा नेपालमा पुरुषभन्दा महिलाको जनसंख्या बढी देखिन्छ। वि.सं. २०७८ को जनगणनाअनुसार कुल जनसंख्याको ५१.१ प्रतिशत महिला छन्। विगतका वर्षहरूमा महिलाको संख्याको तुलनामा पुरुषको संख्यामा थपघट भएको देखिन्छ। जनगणना सामान्यतया प्रत्येक दश वर्षमा गरिन्छ र वि.सं. २०४८ देखिको पछिल्ला चार जनगणनामा पुरुषको तुलनामा महिलाको संख्या बढी छ। यसको मुख्य कारण पुरुषहरूको आप्रवासन भए पनि सुरक्षित मातृत्व र महिला तथा बालिकाहरूका लागि उपलब्ध स्वास्थ्य सेवामा आएका सुधार पनि अन्य कारण हुन्।

वि.सं. २०३८, २०२८ र १९९८ को जनगणनाको लैङ्गिक अनुपातमा पुरुषको संख्या उल्लेख्य रूपमा बढी भएको विषयले पनि पुरुष आप्रवासनको सम्भावना अझ बढी भएको देखाउँछ। दोस्रो विश्वयुद्ध पछिको दशकमा सम्पन्न भएका दुई जनगणनामा महिलाको जनसंख्या बढी रहेको छ। बेलायती र भारतीय सेनामा भर्ना भएका धेरै नेपालीको युद्धमा मृत्यु हुनु पनि यसको कारण हुन सक्छ।

जनगणना भनेको कुनै पनि देशमा रहेका व्यक्तिको अक्सर बसोबासलाई आधार मानेर एक निश्चित अवधिमा गरिने पूर्ण गणना हो।

प्रति १०० महिलामा पुरुषको जनसङ्ख्यालाई लैङ्गिक अनुपात भनिन्छ।

**जनसंख्या र लैङ्गिक अनुपात, १९६८-२०७८**





स्रोत: पपुलेसन मोनोग्राफ अफ नेपाल सन् २०१४, खण्ड १ पृष्ठ ११, र राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

## प्रदेश तहमा महिलाको हिस्सामा ठूलो भिन्नता

प्रदेश तहमा महिला र पुरुषको संख्या हेर्दा प्रदेशबिच ठूलो फरक पाइन्छ। मधेश र बागमती प्रदेशमा महिला र पुरुषको संख्या करिब-करिब बराबर छ। सुदूरपश्चिम र गण्डकीसहित अन्य प्रदेशमा भने महिलाको संख्या पुरुषको तुलनामा ५ प्रतिशतभन्दा बढी छ।

**कुल जनसंख्यामा पुरुष र महिलाको हिस्सा (प्रतिशतमा), २०७८**





स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

यी भिन्नताको मुख्य कारक पुरुषहरूको बसाइँसराइ हो । सुदूरपश्चिममा १२.७ प्रतिशत अनुपस्थित जनसंख्या छ भने मधेशमा यो संख्या ५ प्रतिशत छ । प्रदेश तहमा पुरुष र महिलाको संख्यामा भएको भिन्नताका अन्य थप कारण पनि हुन सक्छन् । विदेशमा आप्रवासनका साथै नेपालकै प्रदेशहरूमा पनि विशेष गरी बागमती प्रदेश र राजधानी काठमाडौंमा बसाइँसराइ धेरै छ । धेरै महिलाहरू शिक्षा र कामका लागि बसाइँसराइ गर्ने बढ्दो प्रवृत्ति पनि प्रदेशहरूबिच देखिएका भिन्नताका कारक हुन सक्छन् ।

## महिलाहरूको उच्च औसत आयु

वि.सं. २०६८ मा नेपालमा औसत आयु ६६.६ वर्ष रहेको अनुमान गरिएको थियो । समयक्रमसँगै यसमा उल्लेख्य वृद्धि देखिएको छ । वि.सं. २००९/११ को जनगणनामा औसत आयु २८ वर्ष मात्र रहेको अनुमान गरिएको थियो । औसत आयुमा भएको यो वृद्धि जीवनस्तर, शिक्षा र स्वास्थ्य सेवामा भएका सुधारको परिणाम हो । महिला र पुरुषको औसत आयुमा भिन्नता छ, पुरुषको औसत आयु ६५.५ वर्ष छ भने महिलाको ६७.९ वर्ष छ र महिलाको औसत आयुमा सामान्य मात्र नभई उल्लेख्य रूपमा वृद्धि भएको छ । वि.सं. २०२८ देखि २०४८ सम्मको जनगणनाअनुसार भने महिलाको तुलनामा पुरुषको औसत आयु बढी थियो । नेपालमा त्यो बेला मातृत्व स्याहार र स्वास्थ्य सुविधाहरू राम्रो नहुनु यसको कारण हुन सक्छ । वि.सं. २०५८ देखि हालसम्म भने नेपालमा पुरुषको तुलनामा महिलाको औसत आयु बढी छ।

**औसत आयु (वर्षमा), २००९/११-२०६८**




स्रोत: पपुलेसन मोनोग्राफ अफ नेपाल सन् २०१४, खण्ड १ पृष्ठ १९०, केन्द्रीय तथ्याङ्क विभाग


यो परिवर्तन आउनुको दुई मुख्य कारण मातृ स्वास्थ्य र महिला तथा बालिकाहरूको स्वास्थ्य सेवामा सुधार हुन् । उदाहरणका लागि, वि.सं. २०५३ मा मातृ मृत्यु अनुपात प्रतिलाख महिलामा ५३६ थियो भने वि.सं. २०७८ मा यो १५१ मा झरेको छ ।

महिलाको आयु पुरुषको भन्दा बढी हुनु पनि विश्वका अन्य देशहरूमा विद्यमान औसत आयुको प्रवृत्तिअनुरूप हो । पुरुषहरूमा मुटुको समस्या, मोटोपन र कम उमेरमै हिंसात्मक गतिविधिमा हुने मृत्युजस्ता कारणले गर्दा महिलाहरू पुरुषको तुलनामा लामो समयसम्म बाँच्ने अपेक्षा गरिन्छ ।

## बढ्दै ज्येष्ठ नागरिक र ज्येष्ठ नागरिकमा पनि महिला बढी

औसत आयु बढ्दै जाँदा यसले देशमा वृद्धवृद्धाहरूको अनुपातलाई पनि उच्च बनाउँछ । ज्येष्ठ नागरिक (अर्थात् ६० वर्ष वा माथिको जनसंख्या) को अनुपात वि.सं. २००९/११ मा ४.९ को तुलनामा वि.सं. २०७८ मा १०.२ प्रतिशत थियो । २०७८ मा २० वर्षभन्दा माथिका सबै उमेर समूहका पुरुषको तुलनामा महिलाको जनसंख्या बढी थियो । २०६८ सँग तुलना गर्दा ४९ वर्षभन्दा माथिका समूहहरूमा पनि महिलाको जनसंख्या नै बढी थियो । यसले विशेष गरी काम गर्ने उमेरका पुरुषहरूको जनसंख्यामा आप्रवासनको दर उच्च रहेको थप संकेत गर्दछ ।

**लिङ्ग र उमेर समूहका आधारमा जनसंख्या, २०६८ र २०७८**




स्रोत: राष्ट्रिय जनगणना २०६८ र २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

वि.सं. २०७८ मा ० देखि १४ वर्ष उमेर समूहका बालबालिका कुल जनसंख्याको २७.८ प्रतिशत थिए भने १५-२४ वर्षका किशोरकिशोरी १९.७ प्रतिशत रहेका थिए । वि.सं. २०६८ मा बालबालिका र किशोरकिशोरीहरूको अनुपात अझै बढी क्रमशः ३४.९ र २० प्रतिशत थियो ।

विगत तीन दशकमा महिलाहरूको जनसंख्या बढी रहेको थियो, यद्यपि एक वर्षभन्दा कम उमेरको जनसंख्याको लैङ्गिक अनुपात हेर्दा प्रत्येक १०० जना बालिकामा ११४ जना बालकको संख्याले उल्लेख्य रूपमा उछिनेको देखिन्छ । अर्थात्, राष्ट्रिय जनगणना २०७८ मा एक वर्षमुनिका बालकको संख्या २,१९,३१७ थियो भने सोही उमेर समूहमा १,९१,८४२ बालिका रहेको देखिन्छ । यसको अर्थ शिशुहरूमा बालिकाभन्दा बालकको संख्या २७,४७५ ले बढी थियो ।


खण्डीकृत रूपमा हेर्दा यो लैङ्गिक असन्तुलन झनै प्रस्ट देखिन्छ, उदाहरणका लागि धनुषा जिल्लामा एक वर्षभन्दा कम उमेरका शिशुहरूमा लैङ्गिक अनुपात अत्यन्तै असमान छ । त्यहाँका शिशुमध्ये प्रत्येक १०० बालिकामा १३३ बालक छन् । यसले छोरीभन्दा छोरालाई प्राथमिकता दिने परम्परागत प्रचलन यी क्षेत्रमा विद्यमान रहेको देखाउँछ ।

## पछिल्ला दशकहरूमा अनुपस्थितहरूको संख्यामा उल्लेख्य वृद्धि

जनसंख्याको ठूलो हिस्सा प्रमुख रूपमा रोजागरी र शिक्षालगायत विभिन्न कारणले विदेशिएको छ। वि.सं. २०७८ मा नेपालबाहिर रहेका नेपालीको संख्या २१,९०,५९२ थियो। अनुपस्थित जनसंख्यामध्ये पुरुष बढी (८२.८ प्रतिशत) छन्। महिलाको अनुपस्थित जनसंख्या हाल १७.८ प्रतिशत रहेकोमा यो संख्या अहिले बढ्दो क्रममा छ।

महिलाको अनुपस्थित जनसंख्या हाल **१७.८%** रहेको छ।

**अनुपस्थित जनसंख्या (विदेशमा रहेका), २०३८-२०७८**




स्रोत: राष्ट्रिय जनगणना २०३८-२०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

विगतका दशकहरूमा अनुपस्थित जनसंख्या तीव्र रूपमा बढेको छ। वि.सं. २०५८ को जनगणनामा ७ लाख ६२ हजार जना नेपाली मात्र अनुपस्थित थिए।

लुम्बिनी प्रदेशमा १९.२ प्रतिशत जनसंख्या अनुपस्थित छन्। प्रदेशहरूमध्ये यो अनुपस्थिति सबैभन्दा बढी हो। त्यसपछि बागमतीमा यो संख्या १८.२ प्रतिशत छ। सबैभन्दा कम अनुपस्थित जनसंख्या कर्णालीमा ४.३ प्रतिशत रहेको छ।

लैङ्गिकताका आधारमा अनुपस्थित जनसंख्या तुलना गर्दा अनुपस्थित महिला सबैभन्दा बढी (२९.६ प्रतिशत) बागमती प्रदेशमा र त्यसपछि सुदूरपश्चिममा कुल अनुपस्थित जनसंख्याको एक चौथाइ महिला रहेको तथ्याङ्कले देखाएको छ। अन्य सबै प्रदेशमा महिलाको तुलनामा पुरूषको अनुपस्थिति ८० प्रतिशतभन्दा बढी रहेको छ।

आप्रवासनले देशको जनसांख्यिक, सामाजिक र आर्थिक अवस्थामा ठूलो प्रभाव पार्छ। यसको सकारात्मक पक्ष भनेको नेपालमा पठाइने विप्रेषणले नेपालको गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउँछ। तर आप्रवासनका केही नकारात्मक पक्षहरू पनि छन्। पुरुषहरूको आप्रवासनको दर बढेसँगै धेरै महिलाले एक्लै परिवारको जिम्मेवारी लिनुपर्ने अवस्था आएको छ। यसले गर्दा रोजगारी वा व्यवसाय सुरु गर्नका लागि उनीहरूको पहुँच सीमित हुन सक्छ। यस अर्थमा, पुरुषहरूको श्रम आप्रवासनका कारण महिलाहरू लैङ्गिक भूमिकामा अझै सीमित बन्न सक्छन् र महिलाहरू आर्थिक रूपमा पछाडि परेर विप्रेषणमा निर्भर हुनुपर्ने हुन सक्छन्।

***जनगणनामा "अन्य लिङ्गी" को परिभाषा***

*"अन्य लिङ्गी" ले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई जनाउँछ।*


महिला श्रम आप्रवासीहरू लैङ्गिक हिंसा, यौन शोषण, जबरजस्ती श्रम र मानव बेचबिखनजस्ता कुराबाट पीडित हुने उच्च जोखिममा हुन्छन् (जबरजस्ती श्रम र जबरजस्ती विवाहसम्बन्धी अन्तर्राष्ट्रिय आप्रवासन संगठन र अन्तर्राष्ट्रिय श्रम संगठनको प्रतिवेदन, २०२२)। यसर्थ, बसाइँसराइ स्वदेश र गन्तव्य मुलुकमा हुने श्रम आप्रवासन दुवैका सम्बन्धमा सम्बोधन गरिनुपर्ने मुख्य लैङ्गिक मुद्दा हो।

## यौनिक तथा लैङ्गिक अल्पसंख्यकको संख्या सम्भवतः कम आकलित

वि.सं. २०७२ मा संविधानमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई विशेष रूपमा संरक्षण गर्ने नेपाल विश्वको १०औं देश बन्यो। यसबाहेक, २०८० असार १३ मा सर्वोच्च अदालतको आदेशपछि समलिङ्गी जोडीहरूले अब कानुनी रूपमा आफ्नो विवाह दर्ता गर्न सक्छन्।[1]

जनगणनामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकबारे प्रश्न समावेश गर्ने विश्वका थोरै देशहरूमध्ये नेपाल पनि एक हो र नेपालले यो वि.सं. २०६८ देखि समावेश गर्दै आएको छ। वि.सं. २०७८ को जनगणनामा कुल २,९२८ जना मानिसहरूले, अर्थात् कुल जनसंख्याको ०.०१ प्रतिशतले लैङ्गिकताको प्रश्नमा "अन्य" भन्ने जवाफ दिएका थिए। यो संख्या यौनिक तथा र लैङ्गिक अल्पसंख्यकको वास्तविक जनसंख्याभन्दा कम हुन सक्छ। पहिलो कारण त आफूलाई पुरुष वा महिलाको रूपमा पहिचान गर्ने व्यक्तिहरू पनि लैङ्गिक अल्पसंख्यक हुन सक्छन्। दोस्रो, लैङ्गिक अभिमुखीकरणसम्बन्धी प्रश्न समावेश नगरिएको हुनाले नेपालमा जनगणनाको नतिजाले यौनिक तथा लैङ्गिक अल्पसंख्यकको बारेमा निर्दिष्ट जानकारी नसमेट्न पनि सक्छ। अझै पनि यो विषयसँग जोडिएको कलंक वा हेयभावका कारण वास्तविक संख्याभन्दा सम्भवतः कम संख्या आएको हुन सक्छ।

**लैङ्गिक तथा यौनिक अल्पसंख्यकको जनसंख्या वितरण (प्रतिशतमा), २०७८**




स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

प्रदेश तहमा हेर्दा "अन्य लिङ्गी" को संख्याले राजधानी काठमाडौं भएको बागमती प्रदेशमा अन्य प्रदेशको तुलनामा लैङ्गिक अल्पसंख्यकको ठूलो अनुपात रहेको देखाउँछ। यौनिक तथा लैङ्गिक अल्पसंख्यक प्रायः ठूला शहरहरूमा संगठित भएर आफ्ना समुदायलाई सहयोग गर्ने संस्थाहरू गठन गर्छन्। देशभरि नै यौनिक तथा लैङ्गिक अल्पसंख्यकप्रतिको हेयभाव कम गर्नु र उनीहरूको समावेशीकरण प्रवर्धन गर्नु महत्त्वपूर्ण हुन्छ। यौनिक तथा लैङ्गिक अल्पसंख्यकका विषयमा निर्दिष्ट सर्वेक्षणको अभावका कारण यससम्बन्धी तथ्याङ्कको अभाव छ र त्यसकारण यसबारे थप अनुसन्धान आवश्यक छ।

परिच्छेद २

# मातृत्व र बालबालिका

# पछिल्ला दशकमा महिला तथा बालबालिकाको स्वास्थ्यमा उल्लेखनीय प्रगति

**वि.सं. २०५२ देखि २०७८ सम्म आइपुग्दा प्रतिलाख जीवित जन्ममा मातृ मृत्यु अनुपात ५३९ बाट घटेर १५१ मा पुगेको देखिन्छ। सोही अवधिमा प्रतिहजार बालबालिकामा बाल मृत्युदर पनि ३८ बाट घटेर २८ मा पुगेको छ। यस किसिमका उपलब्धिहरू मूलत: महिला स्वास्थ्य सेवामा सुधार, प्रजनन दरमा आएको कमी र बच्चा जन्माउने समयमा सिपमूलक सेवाको उपलब्धताका कारणले प्राप्त हुन सकेका हुन्।**


विशेष गरी गर्भावस्थामा, बच्चा जन्माउँदा र त्यसपछिका दिनहरूमा आमालाई कस्तो व्यवहार गरिन्छ भन्ने विषयले उनीहरूको स्वास्थ्य एवम् समग्र जीवनलाई प्रभाव पार्दछ। बालबालिकाको स्वास्थ्य पनि बाल मृत्युदर घटाउने सन्दर्भमा मात्र नभई हुर्केपछि स्वस्थ युवा तथा वयस्क बन्नका लागि पनि महत्त्वपूर्ण हुन्छ।

पछिल्ला दशकमा मातृ मृत्यु अनुपात तीव्र रूपमा घटेको छ र आमाको स्वास्थ्यमा सुधार आएको छ। फलस्वरूप महिलाको औसत आयुमा वृद्धि हुँदै गएको छ। अझै पनि मातृत्व र बालबालिकासँग सम्बन्धित विविध पक्षमा सुधार गर्नुपर्ने देखिन्छ।

## प्रतिमहिला २ बच्चा, हालसम्मकै न्यून

पछिल्ला दशकमा महिलाको प्रजनन दरमा उल्लेखनीय कमी आएको छ। एक महिलाले औसतमा जन्माउने सन्तानको संख्या २०५२ मा ४.६ थियो भने २०७८ मा आइपुग्दा यो उल्लेखनीय रूपमा घटेर २.१ मा पुगेको छ।

**१५-४९ वर्ष उमेरका महिलाको कुल प्रजनन दर, २०५३-२०७९**




स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०५३-२०७९, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

यो उल्लेखनीय प्रवृत्तिका पछाडि रहेका धेरै कारणमध्ये मुख्य कारण प्रजननसम्बन्धी निर्णय महिला स्वयंले गर्नु रहेको छ। शिक्षा र रोजगारीका अवसरमा महिलाको पहुँचमा आएको सुधार, विभिन्न गर्भनिरोधक उपायहरूको बढ्दो प्रयोग र प्रजनन् स्वास्थ्य सेवामा बढेको पहुँचका कारण यी सकारात्मक र उत्साहजनक नतिजा प्राप्त भएका हुन्। ठूलो संख्यामा पुरुषको अनुपस्थिति जस्ता अन्य कारणहरूले पनि केही हदसम्म यसमा योगदान गरेको हुनसक्छ।


महिलाको प्रजनन् दरमा कमी हुनु महिलाका लागि राम्रो मानिए तापनि विश्वका केही देशमा प्रजनन् दरमा कमी हुँदा ती देशका लागि आवश्यक जनसंख्या न्यून भई समस्या भएको देखिन्छ। यसमा सुधार ल्याउनका लागि तलबी प्रसूति/प्रसूति स्याहार बिदा, बाल स्याहार केन्द्रको स्थापना जस्ता सुधारजन्य नीति अवलम्बन गरेको देखिन्छ।

*__कुल प्रजनन दर__ भनेको प्रजनन उमेर (१५-४९ वर्ष) को एक महिलाले जन्म दिने सन्तानको औसत संख्या हो, जसमा प्रजननको प्रवृत्ति स्थिर रहने र ५० वर्षको उमेर अघि कसैको मृत्यु नहुने अनुमान गरिएको हुन्छ।*

## प्रजनन दर मधेशमा बढी

प्रदेशहरूको प्रजनन दर फरक-फरक छ। मधेश र कर्णाली प्रदेशमा यो दर सबैभन्दा बढी छ भने गण्डकी र बागमती प्रदेशमा सबैभन्दा कम छ। प्रदेशहरू बिचको भिन्नताका धेरै कारणहरू छन्। उच्च प्रजनन दर हुनुको कारणमा बालविवाहको प्रचलन, न्यून युवा साक्षरता, सञ्चार माध्यममा सीमित पहुँच र महिलाहरूका लागि अपर्याप्त प्रजनन स्वास्थ्य सेवा हुनसक्छ। यसविपरीत, प्रजनन दर कम हुनुको कारणमा शिक्षाको स्तर उच्च हुनु, गुणस्तरीय स्वास्थ्य सेवा र त्यस क्षेत्रका धेरै युवा पुरुषहरू आप्रवासनमा गएका हुन सक्छन्।

**१५-४९ वर्ष उमेरका महिलाको प्रदेशगत कुल प्रजनन दर, २०७९**




स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०७९, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय


## दुई-सन्तान अहिलेको प्रचलन

२ भन्दा बढी बच्चा जन्माएका महिलाको अनुपात झण्डै एक तिहाइ (३१.९ %) थियो।

वि.सं. २०७८ को राष्ट्रिय जनगणनामा १५-४९ वर्ष उमेरका विवाहित महिलाबाट जन्मिएका सन्तानको बारेमा प्रश्न सोधिएको थियो। जनगणनाको नतिजाअनुसार १४ लाख महिलाका एक सन्तान, २० लाख महिलाका दुई सन्तान र ११ लाख महिलाका तीन सन्तान थिए। कुनै पनि सन्तान नहुने महिलाको संख्या सात लाख थियो। यसरी हेर्दा दुई सन्तान जन्माएका महिलाको अनुपात झन्डै एक तिहाइ (३१.९ प्रतिशत) देखिन्छ।

धेरै सन्तान जन्माउने कुरा असामान्य भए तापनि पछिल्लो जनगणनाअनुसार नेपालमा अझै पनि ५४ हजार महिलाले सात जना वा सोभन्दा बढी बच्चा जन्माएको देखिन्छ।

**बच्चाको संख्या (जीवित जन्मेका) अनुसार १५-४९ वर्ष उमेरका विवाहित महिला (हजारमा), २०७८**




स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

नेपालमा कम उमेरमा सन्तान जन्माउने दर घटाउन सरकारले धेरै प्रयास गरेको छ, जसको परिणामस्वरुप यो दर घट्दै गएको छ। यस्ता प्रयासका कारण स्वास्थ्य चेतनामा वृद्धि, ढिलो विवाहको बढ्दो प्रवृत्ति, महिलाका लागि रोजगारीका अवसरहरूमा आएका सुधार र तीव्र सहरीकरण लगायतका विभिन्न कारणहरूबाट कम उमेरमा सन्तान जन्माउने दर घट्दै गएको छ। साथै, अनिवार्य र नि:शुल्क प्राथमिक शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य अधिकार र स्वास्थ्य अभियानलाई प्रवर्धन गर्ने सरकारी नीतिहरूले पनि कम उमेरमा बच्चा जन्माउने दरमा कमी ल्याउनमा महत्त्वपूर्ण भूमिका खेलेका छन्।

*कम उमेरमा बच्चा जन्माउनु भनेको १८ वर्ष वा त्योभन्दा कम उमेरमा बच्चा जन्माउनु हो।*


## कम उमेरमा बच्चा जन्माउने प्रवृत्ति कायम रहे पनि घट्दो

१५-१९ वर्ष उमेरका प्रतिहजार महिलाको उमेरअनुसारको प्रजनन् दर २०७१ मा ७१ थियो भने २०७६ मा घटेर ६३ भएको छ (नेपाल बहुसूचक सर्वेक्षण २०७१ र २०७६)। किशोरावस्थाको प्रजनन् दर मधेशमा सबैभन्दा बढी (प्रति १००० महिलामा ९६) र सबैभन्दा कम बागमतीमा (प्रति १००० महिलामा ४०) पाइयो। प्रदेशहरू बिचको यो असमानता देखिनुमा शिक्षा, सामाजिक-आर्थिक स्थिति, गरिबीको व्याप्ति र रोजगारी लगायतमा रहेका भिन्नता हुन सक्छन्।

***किशोरावस्थाको प्रजनन दर** भनेको १५-१९ वर्ष उमेरका प्रति १००० महिलाको उमेरअनुसारको प्रजनन दर हो।*

कम उमेरमा बच्चा जन्माउँदा किशोरी आमामा धेरै नकारात्मक प्रभाव पर्ने हुँदा, यसलाई अझै कम गर्न आवश्यक छ। यसभित्र विद्यालय छोड्ने उच्च जोखिम, आमा र बच्चा दुवैका लागि स्वास्थ्यसम्बन्धी विभिन्न गम्भीर जोखिमहरू र सामाजिक-आर्थिक बेफाइदालगायत पर्छन्। शिक्षा र सचेतनाका पहल/अभियान, सूचनामूलक विज्ञापन, सडक प्रस्तुति र मिडिया कार्यक्रमहरूले किशोरावस्थामा हुने गर्भावस्थाको संख्यालाई कम गर्न सक्छ।

**किशोरावस्थाको प्रजनन दर (१५-१९ वर्षका १००० महिलाका लागि उमेर-अनुसारको प्रजनन दर), २०७६**





स्रोतः नेपाल बहुसूचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्याङ्क विभाग

## महिला-केन्द्रित परिवार नियोजनका उपायहरू

परिवार नियोजनको लागि गर्भनिरोधक उपायहरूबारे ज्ञान र तिनको प्रयोग महत्त्वपूर्ण हुन्छ। नेपाल सरकार स्वैच्छिक र गुणस्तरीय परिवार नियोजन सेवाहरूमा समतामूलक र अधिकारमा आधारित पहुँच सुनिश्चित गर्ने परिवार नियोजन कार्यक्रमलाई प्रवर्धन गर्न प्रतिबद्ध छ।

**विभिन्न प्रकारका परिवार नियोजन विधि प्रयोग गर्ने १५-४९ वर्षका महिला (प्रतिशतमा), २०७९**




स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०७९, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नेपालमा १५-४९ वर्षका महिला र पुरुषहरूमा गर्भनिरोधक उपायबारे ज्ञान लगभग सर्वव्यापी रहेको नेपालको जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणका नतिजाहरूले देखाउँछन्।

१५-४९ वर्षका महिलाहरूमा गर्भनिरोधक र परिवार नियोजनका अन्य समग्र उपायहरूको प्रयोगमा वृद्धि भएको छ। २०५२ मा २६ प्रतिशत रहेको यो दर २०७८ मा ४३ प्रतिशत पुगेको छ। महिलामा परिवार

नियोजनको सबैभन्दा प्रचलित उपाय स्थायी बन्ध्याकरण हो। त्यसपछि अन्य प्रचलित उपायमा डिपो, पुरुषको बन्ध्याकरण, कण्डम, गर्भनिरोधक चक्की, प्रत्यारोपण र इन्ट्रा-युटेरिन गर्भनिरोधक उपकरणहरू पर्छन्। गर्भनिरोधक उपायको रूपमा प्रत्यारोपणको प्रयोग बढ्दै गएको छ भने पुरुषको बन्ध्याकरण र कण्डमको प्रयोग घट्दै गएको छ। इन्ट्रा-युटेरिन गर्भनिरोधक उपकरण, चक्कीहरू, महिलाको बन्ध्याकरण र डेपोको प्रयोग पछिल्लो पाँच वर्षमा तुलनात्मक रूपमा स्थिर रहेको छ।

१५-४९ वर्षका महिलाहरूमा गर्भनिरोधक र परिवार नियोजनका अन्य समग्र उपायहरूको प्रयोग सन् १९९६ मा २६ प्रतिशत थियो भने, सन् २०२२ मा यो ४३ प्रतिशतमा पुगेको छ।

## प्रसवपूर्वको सेवा लिने महिलाको संख्यामा वृद्धि

प्रसवपूर्वको सेवाले गर्भावस्थामा स्वास्थ्य सेवाहरूसम्म महिलाको पहुँच र स्वास्थ्य सेवाको उपयोगबारे जानकारी दिन्छ। विश्व स्वास्थ्य संगठनले सिफारिस गरेअनुसार गर्भवती महिलाहरूले आफ्नो गर्भावस्थामा कम्तीमा चार पटक प्रसवपूर्वको सेवा प्राप्त गर्नुपर्छ।

गर्भावस्थामा दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य सेवा लिने महिलाको संख्यामा उल्लेखनीय वृद्धि देखिएको छ। सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत आर्थिक प्रोत्साहन उपलब्ध गराइएका कारण यो सकारात्मक परिणाम आएको अनुमान छ।


२०७६ सालमा प्रकाशित प्रतिवेदनअनुसार विगत दुई वर्षमा जीवित बच्चा जन्माउने १५-४९ वर्ष उमेरका ८९ प्रतिशत महिलाले कम्तीमा एक पटक दक्ष स्वास्थ्यकर्मीबाट सेवा प्राप्त गरेका थिए। यो संख्या २०७१ को तुलनामा करिब २१ प्रतिशतले बढी हो। कम्तीमा एक पटक दक्ष स्वास्थ्यकर्मीको सेवा लिने महिला सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी (९६ प्रतिशत) र कोशी प्रदेशमा सबैभन्दा कम (८४ प्रतिशत) छन्।

*__प्रसवपूर्वको सेवा__ भन्नाले जीवित बच्चा जन्माएका महिलाहरूको प्रतिशतलाई जनाउँछ जसले गर्भावस्थाको समयमा कम्तीमा एक पटक दक्ष स्वास्थ्यकर्मीबाट वा कम्तीमा चार पटक कुनै पनि प्रदायकबाट सेवा लिएका थिए।*

त्यसै गरी कुनै पनि सेवा प्रदायकबाट कम्तीमा चार पटक प्रसवपूर्वको सेवा प्राप्त गर्ने महिलाहरूको संख्या २०७१ मा ६० प्रतिशत थियो भने २०७६ मा बढेर ७८ प्रतिशत पुगेको छ। प्रदेश तहमा हेर्दा सबैभन्दा बढी गण्डकी प्रदेशमा (९१ प्रतिशत) र सबैभन्दा कम मधेश प्रदेशमा (५७ प्रतिशत) देखिएको छ। सुदृढ आर्थिक स्थिति, शिक्षाको पहुँचमा वृद्धि र आमाहरूको लागि रोजगारीको सम्भावना लगायतका विभिन्न सामाजिक-आर्थिक कारणहरूले गर्दा गण्डकी प्रदेशमा यो प्रतिशत बढी भएको हुन सक्छ।

गर्भावस्थाको समयमा आउनसक्ने जटिलता र मृत्यु रोक्न, साथै भ्रूण र नवजात शिशुको स्वास्थ्यलाई खतरामा पार्न सक्ने अवस्थाहरूको रोकथाम वा पहिचान गरेर उपचार गर्न र मातृ स्वास्थ्यका लागि प्रसवपूर्वको सेवा महत्त्वपूर्ण हुन्छ।

**दक्ष स्वास्थ्यकर्मीको सेवा प्राप्त गरेका १५-४९ वर्षका महिला (प्रतिशतमा), २०७६**





स्रोत: नेपाल बहुसूचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्याङ्क विभाग

## धेरै सुत्केरी दक्ष स्वास्थ्यकर्मीको सहयोगबाट

*__प्रसूतिमा दक्ष स्वास्थ्यकर्मीको सहयोग__ भन्नाले जीवित बच्चा जन्माएका त्यस्ता महिलाहरूको प्रतिशतलाई जनाउँछ, जसले प्रसूतिको समयमा दक्ष स्वास्थ्यकर्मीबाट सेवा लिएका थिए। यसमा दक्ष स्वास्थ्यकर्मी, आवश्यक सामग्री र उपकरणको उपलब्धता, साथै आवश्यक पर्दा महिलाहरूको आवश्यक सुविधायुक्त स्वास्थ्य सेवामा पहुँचको सुनिश्चितता समेत पर्दछ।*

२०७९ मा प्रकाशित प्रतिवेदनअनुसार विगत दुई वर्षमा जीवित बच्चा जन्माउने १५-४९ वर्षका ८० प्रतिशत महिलाले दक्ष स्वास्थ्यकर्मीबाट सेवा प्राप्त गरे, जबकि यो संख्या २०७६ को प्रतिवेदनअनुसार ७७ प्रतिशत थियो। जीवनस्तर र शिक्षाको स्तरमा आएको सुधार र प्रसूतिपूर्वको सेवाको पहुँचमा भएको वृद्धिले गर्दा प्रसूतिको समयमा दक्ष स्वास्थ्यकर्मीबाट प्राप्त सेवाको अनुपात बढेको छ। दक्ष स्वास्थ्यकर्मीको सेवा लिई सुत्केरी हुनेको संख्या बागमती प्रदेशमा सबैभन्दा बढी (८७ प्रतिशत) र मधेश प्रदेशमा सबैभन्दा कम (६४ प्रतिशत) रहेको छ।

**पछिल्लो पटक सुत्केरी हुँदा दक्ष स्वास्थ्यकर्मीको सेवा प्राप्त गर्ने गत २ वर्षमा जीवित बच्चा जन्माएका १५-४९ वर्षका महिला (प्रतिशतमा), २०७६ र २०७९**




स्रोत: नेपाल बहुसूचक सर्वेक्षण २०७६, के.त.वि. र नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०७९, स्वा.ज.म.

दिगो विकास लक्ष्यको लैङ्गिक सूचकहरूमध्ये मातृ तथा नवजात शिशुको मृत्युदर पनि एक हो। मातृ तथा नवजात शिशुको मृत्युदर घटाउनका लागि दक्ष स्वास्थ्यकर्मीबाट लिइने सेवा महत्त्वपूर्ण हुन्छ। यसर्थ दक्ष स्वास्थ्यकर्मीबाट प्राप्त हुने सेवा वृद्धिलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायले एक महत्त्वपूर्ण उपायको रूपमा पैरवी गर्ने गरेका छन्।

## मातृ मृत्यु अनुपातमा उल्लेख्य सुधार


*__मातृ मृत्यु अनुपात__ भन्नाले प्रतिएक लाख जीवित जन्ममा गर्भावस्था वा प्रसवसँग सम्बन्धित कारणले मृत्यु हुने आमाको संख्यालाई बुझाउँछ। देशमा स्वास्थ्य सेवाको गुणस्तर मापनका लागि यो अनुपातलाई प्रयोग गरिन्छ।*

विगतका दशकमा स्वास्थ्य सेवाको अपर्याप्तता र गुणस्तरीय स्वास्थ्य सेवामा सीमित पहुँचका कारण नेपालका धेरै महिलाको गर्भावस्था वा सुत्केरी हुँदा मृत्यु हुने गरेको थियो। यसले गर्दा विश्वमा नेपाल उच्च मातृ मृत्यु अनुपात भएका देशमा पर्दथ्यो।

वि.सं. २०५२ मा प्रतिलाख जीवित जन्ममा ५३९ मातृ मृत्यु अनुपात रहेकोमा पछिल्ला वर्षहरूमा यसमा तीव्र गिरावट आएको छ। पछिल्ला वर्षमा बच्चा जन्माउने महिलाको स्वास्थ्य सेवाको पहुँचमा भएको वृद्धि र स्वास्थ्य सेवामा भएको सुधारका कारण २०७८ मा यो अनुपात १५१ मा पुगेको छ।

प्रदेशहरूबिच मातृ मृत्यु अनुपातमा भिन्नता देखिन्छ। मातृ मृत्यु अनुपात सबैभन्दा बढी लुम्बिनीमा (२०७) रहेको छ भने, सबैभन्दा कम बागमतीमा (९८) छ। बागमती प्रदेशमा देशको राजधानी काठमाडौंसमेत रहेकोले त्यहाँ उत्कृष्ट स्वास्थ्य सेवा र अस्पतालहरू भएका कारण यो अनुपात कम भएको अनुमान छ।


**मातृ मृत्यु अनुपात (प्रतिलाख जीवित जन्ममा), २०५३-२०७८**




स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०५३-२०७३ र नेपाल मातृ मृत्यु अध्ययन २०७८, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नेपाल सरकारले सन् २०३० सम्ममा मातृ मृत्यु अनुपातलाई घटाएर ७० मा पुऱ्याउने प्रतिबद्धता जनाएको छ। यो लक्ष्यमा पुग्नका लागि नेपालले विविधतापूर्ण भौगोलिक क्षेत्रमा विद्यमान मातृ स्वास्थ्यको पहुँच, उपयोग र गुणस्तरमा रहेका असमानताहरू सम्बोधन गर्दै हालको मातृ मृत्यु अनुपातलाई वार्षिक १० प्रतिशतले घटाउनुपर्ने देखिन्छ।

**प्रदेशगत मातृ मृत्यु अनुपात (प्रतिलाख जीवित जन्ममा), २०७८**





स्रोत: नेपाल मातृ मृत्यु अध्ययन २०७८, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## बाल्यावस्थाको मृत्युदरमा कमी

राष्ट्रिय योजना र कार्यक्रमहरूको सबैभन्दा महत्त्वपूर्ण उद्देश्यमा बाल मृत्युदर न्यूनीकरण रहने गरेको छ। २०७१ देखि २०७६ सम्मको पाँच वर्षको अवधिमा नेपालमा बाल्यावस्थाको मृत्युदरमा कमी आएको छ। पाँच वर्षमुनिको मृत्युदर २०७१ मा प्रति १००० बालबालिकामा ३८ थियो भने, २०७६ मा घटेर २८ पुगेको छ।

**प्रारम्भिक बाल्यावस्थाको मृत्युदर (हजारमा), २०७१ र २०७६**




स्रोतः नेपाल बहुसूचक सर्वेक्षण २०७१ र २०७६, केन्द्रीय तथ्याङ्क विभाग

दक्ष स्वास्थ्यकर्मीहरूबाट प्राप्त सेवा र समुदायमा आधारित मातृ, नवजात र बाल स्वास्थ्य कार्यक्रमहरूको कार्यान्वयनले बाल्यावस्थाको मृत्युदरमा उल्लेखनीय कमी ल्याउनमा सहयोग पुगेको छ। यसबाहेक, आमाको शिक्षामा भएको वृद्धिसँगै मृत्युदर पनि घट्दै गएको देखिन्छ। साथै, उच्च आय भएका परिवारका तुलनामा कम तथा मध्यम आय भएका परिवारहरूमा बाल्यावस्थाको मृत्युदर उच्च रहने गरेको देखिन्छ (नेपाल बहुसूचक सर्वेक्षण)।

यी उत्साहजनक उपलब्धिहरूका बाबजुद बाल मृत्युदरलाई पर्याप्त रूपमा कम गर्नका लागि थप प्रयासहरू अझै पनि आवश्यक छन्।

**नवजात शिशु मृत्युदर *(Neonatal mortality)*** ले जन्मेको २८ दिनभित्र मर्ने सम्भावनालाई जनाउँछ, जसलाई प्रति १,००० जीवित जन्ममा मृत्युको संख्याका रूपमा बुझिन्छ।

**शिशु मृत्युदर *(Infant mortality)*** ले जन्मिएको दिनदेखि एक वर्षभित्रमा मृत्यु हुने सम्भावनालाई जनाउँछ, जसलाई प्रति १,००० जीवित जन्ममा मृत्युको संख्याको रूपमा बुझिन्छ।

**नवजातोत्तर शिशु मृत्युदर *(Post-neonatal mortality)*** ले जन्मेको २८ दिनपछि तर पहिलो जन्मदिन अघि हुने शिशुको मृत्युलाई जनाउँछ, यसलाई शिशु र नवजात मृत्युदर बिचको भिन्नताको रूपमा बुझिन्छ।

**बाल मृत्युदर *(Child mortality)*** ले पहिलो र पाँचौं जन्मदिनको बिचमा मृत्यु हुने सम्भावनालाई जनाउँछ, जसलाई प्रति १,००० जीवित जन्ममा मृत्युको संख्याको रूपमा बुझिन्छ।


**पाँच वर्षमुनिको बाल मृत्युदर *(Under-five mortality)*** ले जन्म र पाँचौं जन्मदिनको बिचमा मृत्यु हुने सम्भावनालाई जनाउँछ, जसलाई प्रति १,००० जीवित जन्ममा मृत्युको संख्याको रूपमा बुझिन्छ।

## प्रजनन उमेरका महिलाहरूमा रक्तअल्पता गम्भीर चिन्ताको विषय

रक्तअल्पताले मातृ मृत्यु अनुपात र बच्चा जन्माउँदा जटिलता बढाउन सक्ने हुनाले गर्भवती महिलाको सन्दर्भमा यो एक प्रमुख चासोको विषय हो। आइरन/फोलिक एसिड सप्लिमेन्ट वितरण लगायत राष्ट्रिय पोषण कार्यक्रम र नीतिहरूको कार्यान्वयन भए तापनि प्रजनन उमेरका महिलामा रक्तअल्पताका अवस्थामा उल्लेखनीय कमी आएको छैन। राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणको १६ वर्ष अवधिको तथ्याङ्कले मध्यम र गम्भीर प्रकारको रक्तअल्पतामा वृद्धि भएको देखाउँछ भने रक्तअल्पताको समग्र दर तुलनात्मक रूपमा स्थिर रहेको देखाउँछ।

***रक्तअल्पता** भनेको मानव शरीरमा अपर्याप्त रगतको अवस्था हो, जुन मुख्यतया आइरनको कमीले गर्दा हुन्छ।*

**१५-४९ वर्षका महिलामा रक्तअल्पता (प्रतिशतमा), २०६३-२०७९**




स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०६३-२०७९, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

परिच्छेद ३

# शिक्षा

## बढ्दो साक्षरताले शिक्षामा लैङ्गिक समानताको बाटो कोर्दै

**पछिल्ला केही दशकमा नेपालमा महिला र पुरुष दुवैको साक्षरता दर बढेको भए पनि महिलाको साक्षरता दर अझै पनि पुरुषको तुलनामा १७.७ प्रतिशतले कम छ। साक्षरतामा लैङ्गिक विभेद उन्मूलन गर्न सरकारले अनिवार्य शिक्षा र लक्षित उपाय अवलम्बन गरेको छ। नेपालले प्राथमिक र माध्यमिक शिक्षाको भर्नामा लैङ्गिक समानता हासिल गर्दै युवा साक्षरता दर लगभग समान बनाउन सफल भएको छ। उच्च शिक्षामा महिलाको संख्यामा भएको वृद्धिसँगै शैक्षिक समानताप्रतिको प्रतिबद्धता पनि झल्किन्छ।**

असमानता घटाउने सबैभन्दा महत्त्वपूर्ण उपायमध्ये शिक्षा एक हो। ज्ञानमा आधारित निर्णय गर्न, साथै गरिबीबाट छुटकारा पाउन शिक्षामा पहुँच महत्त्वपूर्ण छ। शिक्षाले काम र आम्दानीमा पहुँच प्रदान गरेर आर्थिक लाभ लिन सम्भव बनाउनुका साथै स्वस्थ जीवनयापन गर्न पनि मानिसहरूलाई सशक्त बनाउँछ। पछिल्लो एक दशकमा महिला र पुरुषको साक्षरता दरमा उल्लेखनीय सुधार भए तापनि लैङ्गिक अन्तर भने अझै छ। विगत एक दशकमा प्राथमिक र माध्यमिक तहको शिक्षामा बालिकाहरूको कुल भर्नामा नेपालले उल्लेखनीय प्रगति गरेको छ र वि.सं. २०७० मा नै लैङ्गिक समानताको लक्ष्य हासिल गरिसकेको छ। शिक्षामा पहुँच पनि दिगो विकास लक्ष्य हो जसले समतामूलक, सबै तहमा गुणस्तरीय शिक्षा र सबैको साक्षरता र संख्यात्मक सीप हासिल निश्चित गर्ने लक्ष्य राखेको छ।

### महिला साक्षरता दर बढ्दै गएको छ, अन्तर भने अझै धेरै छ

*कुनै पनि भाषामा लेख्न र पढ्न सक्ने व्यक्तिलाई साक्षर भनिन्छ।*


वि.सं. २०७८ मा ५ वर्ष वा सोभन्दा माथिका नेपाली जनसंख्याको ७६ प्रतिशत साक्षर थिए। पछिल्लो दशकमा पढ्न र लेख्न सक्ने व्यक्तिहरूको संख्यामा ठूलो वृद्धि भएको छ। २००७ सालको सुरुवातमा कुल जनसंख्याको ५ प्रतिशत मात्र साक्षर थिए।

महिला र पुरुष दुवैको साक्षरतामा उल्लेखनीय वृद्धि भएको छ। वि.सं. २००९/११ को जनगणनामा सय जनामध्ये एकजना महिला र दश जनामध्ये एकजना पुरुष मात्र साक्षर थिए। २०३२ सालदेखि सरकारले नि:शुल्क र अनिवार्य प्राथमिक शिक्षालाई नागरिकको अधिकार बनाएको थियो। २०२८ देखि नेपालमा महिला र पुरुष दुवैको साक्षरता दरमा उल्लेख्य वृद्धि भएको छ। २०७८ मा ८४ प्रतिशत पुरुष र ६९ प्रतिशत महिला साक्षर थिए। सोही अवधिमा पुरुषको तुलनामा महिलाको साक्षरतामा उच्च वृद्धि भए पनि अझै ठूलो अन्तर छ। विश्व बैंकका अनुसार वयस्क पुरुष र महिलाबिचको अन्तर १७.७ प्रतिशत रहेको छ, जुन दक्षिण एसियाको औसत अन्तर १५.७ प्रतिशतभन्दा बढी हो। २०८०/८१ सम्ममा महिला र पुरुष दुवैका लागि ९९ प्रतिशत युवा साक्षरता पुऱ्याउने नेपाल सरकारको लक्ष्य (१५औं आवधिक योजनामा) रहेको छ।

साक्षरता दर बढ्दै गएसँगै साक्षरतामा लैङ्गिक अन्तर पनि कम हुँदै गएको छ। २०७६ को बहुसूचक सर्वेक्षणका अनुसार १५-२४ वर्ष उमेरका युवाहरूमा साक्षरता दरको राष्ट्रिय औसत महिलाहरूमा ८८ प्रतिशत र पुरुषहरूमा ९३ प्रतिशत थियो, जबकि २००७ मा केवल १ प्रतिशत महिला र १० प्रतिशत पुरुष मात्र साक्षर थिए। यसप्रकार, ९९ प्रतिशत युवा साक्षरताको लक्ष्य समयमै प्राप्त हुने देखिन्छ।

साक्षरता दर बढाउन नेपाल सरकारले विभिन्न शैक्षिक नीति लागु गरेको छ। राष्ट्रिय शिक्षा प्रणाली योजना २०२८-२०३३ पछिल्लो दशकको सबैभन्दा महत्त्वपूर्ण पहल थियो, जसले शिक्षा प्रणालीलाई सुदृढ बनायो। यस योजनाले शिक्षक तालिममा ध्यान केन्द्रित गर्दै दुर्गम क्षेत्रका लागि नि:शुल्क र अन्य क्षेत्रमा उचित मूल्यमा शैक्षिक सामग्री उपलब्ध गराउँदै, नयाँ पाठ्यक्रम र शिक्षण सामग्री ल्याएको थियो। यसका साथै प्राथमिक शिक्षालाई नि:शुल्क र अनिवार्य तथा माध्यमिक शिक्षालाई पनि नि:शुल्क गरिएको छ।


**५ वर्ष र सोभन्दा माथिको साक्षरता दर (प्रतिशतमा), २००९-२०७८**




स्रोत: राष्ट्रिय जनगणना २००९-२०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय[2]

वि. सं. २०५७ मा सबैका लागि शिक्षा कार्यक्रम (२०६१-२०६६) ल्याइएको थियो। यसको मुख्य उद्देश्य, विशेष गरी बालिका र पछाडि पारिएका समुदायका विद्यार्थीको शिक्षामा पहुँचलाई सुधार गर्नु थियो। शिक्षामा लैङ्गिक असमानता कम गर्नका लागि २०७२ सालदेखि निःशुल्क दिवा-खाजा (फुड फर लाइफ नेपाल) र २०७८ देखि सामुदायिक विद्यालयमा छात्रालाई निःशुल्क सेनेटरी प्याड वितरणजस्ता अन्य पहल पनि गरिएका छन्।

**५ वर्ष र सोभन्दा माथिको प्रदेशगत साक्षरता दर (प्रतिशतमा), २०७८**




स्रोत: राष्ट्रिय जनगणना २००९-२०७९, राष्ट्रिय तथ्याङ्क कार्यालय

[2]२०५८ सम्मको नेपालको राष्ट्रिय जनगणनामा साक्षरतासम्बन्धी प्रश्न ६ वर्ष र सोभन्दा माथिका सबै व्यक्तिलाई सोधिने गरिन्थ्यो। २०६८ र त्यसपछि यो प्रश्न ५ वर्ष वा सोभन्दा माथिका सबै व्यक्तिहरूलाई सोध्ने गरिन्छ।

## केही प्रदेशमा साक्षरतामा उच्च लैङ्गिक अन्तर

साक्षरता दरमा लैङ्गिक अन्तर सबै प्रदेशमा कायम रहे पनि मधेश प्रदेशमा यो सबैभन्दा बढी छ। २०७८ मा मधेशका महिलाको झन्डै आधा जनसंख्या (५५ प्रतिशत) मात्र साक्षर थिए। मधेशमा पुरुषको साक्षरता दर पनि सबै प्रदेशमध्ये सबैभन्दा कम (७२ प्रतिशत) रहेको छ।


यसबाहेक, २०७६ मा भएको बहु-सूचक सर्वेक्षणको नतिजाले मधेशबाहेक अन्य प्रदेशको युवा साक्षरता दरमा लैङ्गिक अन्तर लगभग समाप्त भएको देखाउँछ। शिक्षामा लैङ्गिक असमानता र बालविवाहलाई रोक्न मधेश सरकारले सचेतना अभियानको एक अंगको रूपमा २०७९ मा शिक्षा र बिमा योजना (छोरी शिक्षा बिमा/निश्चित अवधि बचत कार्यक्रम) सुरु गरेको छ।

## नेपालका पुरुषभन्दा महिलामा औपचारिक शिक्षाको कमी

नेपालमा पुरुषको शैक्षिक उपलब्धि महिलाको तुलनामा उच्च छ। कुनै पनि शैक्षिक स्तर नभएको बताउने लगभग ३ लाख ६० हजार मानिसको समूहभित्र दुई तिहाइभन्दा बढी महिला छन्। अर्कोतर्फ, स्नातकोत्तर तह र त्यसभन्दा माथिको शिक्षा हासिल गरेका समूहमा पुरुषको अंश उच्च छ।

***शैक्षिक योग्यता:*** *कुनै पनि व्यक्तिले हासिल गरेको सबैभन्दा उच्च तहको शिक्षा*

**हासिल शिक्षाको तहअनुसार ५ वर्ष र सोभन्दा माथिको जनसंख्या (प्रतिशतमा), २०७८**




स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

यी तहलाई नेपालको साक्षरता दर र उच्च शिक्षामा हुने भर्नामा भएको वृद्धिको सन्दर्भमा हेरिनुपर्छ। नेपालमा पुरुषको तुलनामा महिलाको शैक्षिक उपलब्धि कम भए पनि पछिल्लो दशकको उत्तरार्धमा साक्षरता दर बढिरहेको छ। दुवै लिङ्गमा उच्च साक्षरता दर र उच्च शिक्षामा महिलाको भर्नामा भएको वृद्धिले युवा पुस्तामा आएको परिवर्तनलाई दर्शाउँछ।

कुनै पनि शैक्षिक तह नभएको बताउने लगभग ३,६०,००० मानिसहरूको समूहभित्र

**२/३**


भन्दा बढी महिलाहरू छन्।

## प्रारम्भिक बाल शिक्षा कार्यक्रममा लैङ्गिक अन्तर कम हुँदै

दिगो विकास लक्ष्य ४.२ ले सबै बालबालिकाका लागि प्रारम्भिक बालविकास, शिशु स्याहार र पूर्वप्राथमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने लक्ष्य राखेको छ। बालसदन (किन्डरगार्टन) लगायतमा पहुँचले साना बालबालिकाको सिकाइ क्षमता र भावनात्मक एवं सामाजिक विकासमा सहयोग गर्दै उनीहरूलाई प्राथमिक शिक्षाको लागि तयार पार्छ। नेपालको कानूनले एक वर्षको पूर्वप्राथमिक शिक्षालाई अनिवार्य भनी परिभाषित गरेको छ र २०७३ देखि शिक्षा ऐनको आठौं संशोधनमा यसलाई नेपालको नि:शुल्क र अनिवार्य आधारभूत शिक्षाअन्तर्गत समावेश गरेको छ।

वि.सं. २०७९ मा प्रारम्भिक बालविकास र पूर्व-प्राथमिक कक्षामा भर्ना भएका बालबालिकामध्ये ४६ प्रतिशत बालिका थिए र यो संख्या विगतका वर्षहरूमा स्थिर रहेको छ।

**प्रारम्भिक बालविकास र पूर्व-प्राथमिक कक्षामा भर्ना दर, २०७४-२०७९**





स्रोत: आईईएमआईएस फ्ल्यास रिपोर्ट प्रथम २०७९, शिक्षा तथा मानव विकास स्रोत केन्द्र

## नेपालले प्राथमिक र माध्यमिक शिक्षामा लैङ्गिक समानता हासिल गरेको छ।

विगत एक दशकमा नेपालले आधारभूत शिक्षाको लागि खुद भर्नामा उल्लेखनीय प्रगति हासिल गरेको छ। नेपाल सरकारले २०८० सम्ममा आधारभूत तहमा ९९ प्रतिशत र माध्यमिक तहमा ६५ प्रतिशतको खुद भर्ना दर पुर्‍याउने लक्ष्य राखेको थियो।


वि.सं. २०७० सालमै नेपालले लैङ्गिक समानताको आफ्नो लक्ष्य हासिल गरेको थियो। प्राथमिक र माध्यमिक शिक्षामा लैङ्गिक असमानता हटाउन र शिक्षामा लैङ्गिक समानता हासिल गर्न सरकारले गरेका विभिन्न पहलको परिणाम स्वरूप यो सम्भव भएको हो। तीमध्ये पनि गुणस्तरीय आधारभूत शिक्षामा बालिकाको पूर्ण र समान पहुँच सुनिश्चित गर्नमा ध्यान केन्द्रित गरिएको छ।

**खुद भर्ना दरमा लैङ्गिक समानता सूचकाङ्क, २०६७-२०७९**




स्रोत: आईईएमआईएस फ्ल्यास रिपोर्ट प्रथम २०७९, शिक्षा तथा मानव विकास स्रोत केन्द्र

**प्रदेशगत खुद भर्ना दरमा लैङ्गिक समानताको सूचकाङ्क, २०७८**




स्रोत: आईईएमआईएस फ्ल्यास रिपोर्ट प्रथम २०७८, शिक्षा तथा मानव विकास स्रोत केन्द्र

प्राथमिक शिक्षाको तहमा नेपालले सबै प्रदेशमा लैङ्गिक समानता हासिल गरिसकेको छ। लैङ्गिक समानता माध्यमिक तहमा पनि प्राप्त भएको त छ तथापि तीन ओटा प्रदेशमा थोरै लैङ्गिक असमानता देखिन्छ। कोशी र बागमतीमा लैङ्गिक समानता सूचकांक क्रमशः १.०४ र १.०६ रहेकोले त्यहाँ बालिकाप्रति अलि बढी अनुकुलता रहेको जनाउँछ। मधेशको लैङ्गिक समानता सूचकांक भने ०.९४ छ, जसले यो असमानता थोरै बढी बालकको पक्षमा रहेको देखाउँछ।

**उत्तीर्ण दर** भनेको आउँदो शैक्षिक सत्रमा माथिल्लो कक्षामा बढुवा भएका विद्यार्थीहरूको प्रतिशत हो।

**दोहोरिने दर** भनेको कुनै निश्चित शैक्षिक सत्रमा कुनै निश्चित विद्यालयमा भर्ना भएका ती विद्यार्थीहरूको अनुपात हो, जो अर्को शैक्षिक सत्रमा त्यही कक्षामा अध्ययन गर्छन्।

**छाड्ने दर** भनेको कुनै निश्चित शैक्षिक सत्रमा कुनै निश्चित कक्षा वा चक्र वा शैक्षिक तहमा कुनै निश्चित विद्यालयमा भर्ना भएका ती विद्यार्थीहरूको प्रतिशत हो, जो अर्को शैक्षिक सत्रमा भर्ना हुँदैनन्।


**टिकाउ दर** भनेको कुनै निश्चित स्तरको शिक्षाको पहिलो कक्षामा भर्ना भएका ती विद्यार्थीहरूको प्रतिशत हो, जो त्यो तहको अन्तिम कक्षासम्म पुग्छन्।

## कक्षा पूरा गर्ने संख्या बालक र बालिका दुवैमा उच्च

२०७७ मा आधारभूत वा माध्यमिक तहमा उत्तीर्ण हुने, दोहोरिने, छोड्ने र टिकाउ दरमा कुनै उल्लेख्य लैङ्गिक असमानता थिएन। २०७६ मा ५७ प्रतिशत बालिका र ५४ प्रतिशत बालकले आधारभूत तहको शिक्षा पूरा गरेका थिए। यो संख्या २०७७ मा वृद्धि भएर बालक र बालिकाको आधारभूत शिक्षामा ८३ प्रतिशत र माध्यमिक शिक्षामा ६६ प्रतिशत पुगेको छ। यस प्रकार टिकाउ दर बढेर २०७७ सम्मको अवधिमा लैङ्गिक अन्तर समाप्त भएको छ।


दोहोरिने दरमा पनि लैङ्गिक भिन्नता कम थियो जुन बालक र बालिका दुबैका लागि क्रमशः आधारभूत तहमा करिब ५ प्रतिशत र माध्यमिक तहमा करिब ३ प्रतिशत थियो। २०७७ मा प्राथमिक र माध्यमिक तहमा बालिकाहरूको तुलनामा बालकहरूको छाड्ने दर अलि बढी थियो।

**भर्नाको प्रभावकारिता: कक्षा टिकाउ (सर्भाइभल) दर, २०७७**




स्रोत: आईईएमआईएस फ्ल्यास रिपोर्ट प्रथम २०७७, शिक्षा तथा मानव विकास स्रोत केन्द्र

**भर्नाको प्रभावकारिता: कक्षा छाड्ने (ड्रप-आउट) दर, २०७७**





स्रोत: आईईएमआईएस फ्ल्यास रिपोर्ट प्रथम २०७७, शिक्षा तथा मानव विकास स्रोत केन्द्र

## सबै प्रदेशमा बालकको शिक्षामा बढी लगानी

नेपालमा बालक र बालिका दुवैको साक्षरता दर, विद्यालय भर्ना र टिकाउ दरमा ठूलो सुधार आएको छ र शिक्षामा लैङ्गिक अन्तर घट्दै गएको छ। तर सामुदायिक विद्यालय र निजी संस्थागत विद्यालयहरूमा भर्ना दरका अनुसार उच्च शिक्षामा लगानी गर्न बालिकाको तुलनामा बालकलाई प्राथमिकता दिएको देखिन्छ।

**सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थीको भर्ना (प्रतिशत), २०७७**




स्रोतः आईईएमआईएस फ्ल्यास रिपोर्ट प्रथम २०७७, शिक्षा तथा मानव विकास स्रोत केन्द्र

नेपालका झन्डै दुई तिहाइ बालबालिका सामुदायिक (सरकारी) विद्यालयमा भर्ना हुने गर्छन् । संस्थागत (निजी) विद्यालयमा भर्ना भएका बालबालिकामध्ये सबै प्रदेशमा भर्ना हुनेमा सापेक्ष रूपमा बालिकाभन्दा बालक बढी छन् । संस्थागत विद्यालयमा बालिकाको यो असमान पहुँच हुनुको कारणमा संस्थागत विद्यालयको महँगो शुल्क हुनसक्छ । संस्थागत विद्यालयमा बालिकाको कम संख्याको फलस्वरूप बालिकाको शिक्षाको गुणस्तर कम हुनुका साथै अतिरिक्त क्रियाकलाप पनि कम हुने र अन्ततः उनीहरूका लागि औपचारिक रोजगारी प्राप्त गर्ने अवसर पनि कम हुन सक्छ ।

सामुदायिक विद्यालयमा सबैभन्दा बढी विद्यार्थी कर्णाली प्रदेशमा र सबैभन्दा कम बागमती प्रदेशमा छन् । बागमतीबाहेक सबै प्रदेशमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा दुवै लिङ्गका विद्यार्थी बढी भर्ना भएका छन् ।

सामुदायिक विद्यालयहरूले (सार्वजनिक विद्यालय सरह) सरकारबाट स्वीकृति वा अनुमति लिई नियमित अनुदान प्राप्त गर्छन् भने, संस्थागत विद्यालयहरूले (निजी विद्यालय सरह) सरकारबाट नियमित अनुदान नपाउने सर्तमा सञ्चालनको स्वीकृति वा अनुमति प्राप्त गर्छन् ।

## उच्च शिक्षामा पुरुषभन्दा महिला बढी भर्ना


नेपालमा २०७७/७८ मा उच्च शिक्षामा भर्ना भएका सबै विद्यार्थीमध्ये ५३ प्रतिशतका साथ महिला पुरुषभन्दा अगाडि छन् । शैक्षिक सत्र २०७२ देखि महिलाको भर्ना दर पुरुषको तुलनामा बढी रहेको छ । उच्च शिक्षामा पुरुषको कम संख्या हुनुमा, श्रम र उच्च शिक्षाका लागि अन्तर्राष्ट्रिय आप्रवासनजस्ता कारण हुन सक्छन् । उच्च शिक्षामा बालिका भर्नाको वृद्धिले दक्ष महिलाहरूको संख्या बढाएर उनीहरूका लागि देशभित्रै रोजगारीका बढी अवसरहरू सिर्जना गर्दछ ।

नेपालमा सन् २०२०/२१ मा उच्च शिक्षामा भर्ना भएका सबै विद्यार्थीमध्ये

**५३%**

का साथ महिला पुरुषभन्दा अगाडि छन् ।

**उच्च शिक्षामा विद्यार्थी भर्ना (प्रतिशतमा), २०६७/६८-२०७७/७८**





स्रोतः वार्षिक प्रतिवेदन २०७७/७८, विश्वविद्यालय अनुदान आयोग

## उच्च शिक्षामा प्राविधिक विषय छनौट गर्ने महिलाको तुलनामा पुरुषको संख्या बढी

विज्ञान तथा प्रविधि र इन्जिनियरिङ जस्ता प्राविधिक संकायहरूमा सबैभन्दा ठूलो लैङ्गिक भिन्नता पाइन्छ।

शिक्षामा अझै पनि पुरुष र महिलाका प्राथमिकता फरक-फरक छन्। विभिन्न संकायमा महिला र पुरुष विद्यार्थीको संख्या तुलना गर्दा शिक्षा र व्यवस्थापन संकाय दुवै लिङ्गमाझ सबैभन्दा लोकप्रिय रोजाइ रहेको पाइयो। भर्ना भएका महिला विद्यार्थीमध्ये आधा र पुरुष विद्यार्थीमध्ये ४१ प्रतिशत व्यवस्थापन संकायमा भर्ना भएका छन् भने प्रत्येक चारमध्ये एक महिला र १७ प्रतिशत पुरुष विद्यार्थी शिक्षा संकायमा भर्ना भएका छन्। विज्ञान तथा प्रविधि र इन्जिनियरिङजस्ता प्राविधिक संकायमा सबैभन्दा ठूलो लैङ्गिक भिन्नता पाइन्छ। कुल पुरूष विद्यार्थीको झन्डै दश प्रतिशत इन्जिनियरिङमा भर्ना भएका छन् भने कुल महिला विद्यार्थीको दुई प्रतिशत मात्र त्यसमा भर्ना भएका छन्। त्यहीअनुरूप, विज्ञान तथा प्रविधिमा पुरुषको संख्या १२ प्रतिशत र महिलाको संख्या ५ प्रतिशत छ।

**उच्च शिक्षामा भर्ना भएका विद्यार्थीमध्ये संकायअनुसार महिला र पुरुषको संख्या (प्रतिशतमा), २०७७/७८**





स्रोत: वार्षिक प्रतिवेदन २०७७/७८, विश्वविद्यालय अनुदान आयोग

## केही प्रदेशमा उच्च शिक्षामा महिलाको संख्या बढी

विभिन्न शैक्षिक स्तरमा महिलाको भर्नालाई प्रदेशहरूबिच तुलना गर्दा केही प्रदेशमा उच्च शिक्षामा महिला भर्नाको संख्या धेरै रहेको पाइन्छ। यो संख्या सबैभन्दा बढी गण्डकी प्रदेशमा छ, जहाँ भर्ना भएका पाँचमध्ये तीनभन्दा बढी (६३ प्रतिशत) विद्यार्थी महिला छन्। त्यसपछि यो संख्या कोशी, लुम्बिनी र सुदूरपश्चिममा उच्च छ। मधेश र बागमती प्रदेशमा मात्रै उच्च शिक्षामा महिलाभन्दा पुरुष बढी छन्। यसबाहेक, माध्यमिक तहको शिक्षामा मधेशबाहेक सबै प्रदेशमा बालकभन्दा बालिकाको संख्या बढी छ। पहिलो-तहको शिक्षाको लागि बालविकास र पूर्व-प्राथमिक कक्षा समूहमा भर्ना हुनेमा भने बालकको संख्या बढी छ।

**विद्यालयको प्रकारअनुसार छात्राको भर्ना (प्रतिशतमा), २०७७**





स्रोत: आईईएमआईएस फ्ल्यास रिपोर्ट प्रथम २०७७, शिक्षा तथा मानव विकास स्रोत केन्द्र

## शिक्षामा महिलाको पहुँचलाई सामाजिक अवरोधले अझै पनि सीमित गर्दैछ

महिला विद्यार्थीका लागि महिला शिक्षक लाभ लिन सकिने हुन्छन् भन्ने कुरा अनुसन्धानले देखाएको छ। तसर्थ, नेपाल सरकारले विद्यालयमा छात्राको भर्ना हुने, विद्यालय छाड्ने दर घटाउने र शैक्षिक कार्यसम्पादन राम्रो हुने अपेक्षा गर्दै महिला शिक्षकको संख्या बढाउने प्रयास गरेको छ।

महिला शिक्षकको संख्या बढाउन कक्षा ८ र एसएलसी उत्तीर्ण भएका दुर्गम क्षेत्रका किशोरीले आफ्नो स्थानीय क्षेत्रमा शिक्षकका रूपमा काम गर्न सकून् भनेर उनीहरूलाई भत्ता सहितको आवासीय शिक्षक तालिम दिइन्छ। यसबाहेक शिक्षा ऐन (२०२८) र शिक्षा नियमावली (२०४९) ले प्रत्येक प्राथमिक विद्यालयमा कम्तीमा एक महिला शिक्षक नियुक्त गर्नुपर्ने व्यवस्था गरेको छ।

**विद्यालयमा महिला शिक्षकको हिस्सा (प्रतिशतमा), २०७७**




स्रोत: आईईएमआईएस फ्ल्यास रिपोर्ट प्रथम २०७७, शिक्षा तथा मानव विकास स्रोत केन्द्र

नेपालमा अझै पनि पुरुष शिक्षकको तुलनामा महिला शिक्षकको संख्या कम रहेको विभिन्न अध्ययनले देखाएको छ। यो लैङ्गिक अन्तर माध्यमिक तहमा बढी देखिन्छ जहाँ २१ प्रतिशत महिला शिक्षक छन् जुन आधारभूत तहको ४४ प्रतिशतको तुलनामा धेरै हो। मधेश र कर्णालीमा आधारभूत र माध्यमिक तहमा महिला शिक्षकको अनुपात कम छ भने बागमती र गण्डकीमा यो अनुपात अन्य प्रदेशको तुलनामा बढी छ।

परिच्छेद ४

# श्रम बजार

## लैङ्गिक रूपमा भिन्न श्रम बजार

**नेपालको आर्थिक गतिविधिमा पुरुषको भन्दा महिलाको सहभागिता निकै कम छ। रोजगार पुरुषको संख्या महिलाको तुलनामा दोब्बरभन्दा बढी छ। नेपालको श्रम बजार पनि क्षेत्र र पेशागत समूह दुवैका आधारमा अत्यधिक भिन्न छ, जसमा अनौपचारिक क्षेत्र र विशेष गरी कृषिमा पुरुषको तुलनामा महिलाको रोजगारीको संख्या निकै ठूलो रहेको छ। फलस्वरूप, महिला सबैभन्दा कम आम्दानी हुने क्षेत्रमा बढी संख्यामा रहेका छन् र महिलाको कमाइ पुरुषको कमाइको दुई तिहाइ भएकोले पारिश्रमिकमा रहेको अन्तर उल्लेख्य छ।**

### सक्रिय श्रमशक्तिमा चारमध्ये एक जना महिला

नेपालको अर्थतन्त्रको विशेषता भनेको धेरै हदसम्म साना निर्वाहमुखी खेती हुने कृषि अर्थतन्त्र हो। वि.सं. २०७५ मा लगभग एक करोड चौध लाख मानिस निर्वाहमुखी खाद्य पदार्थको उत्पादन वा प्रशोधनमा संलग्न थिए। यो भनेको १५ वर्ष वा सोभन्दा माथिका व्यक्तिको ५५ प्रतिशत हो। पछिल्लो दुई दशकमा निर्वाहमुखी खेतीबाट रोजगारीमा क्रमशः परिवर्तन हुँदै उद्योग र सेवा क्षेत्रतिर बढ्न थालेको छ। यद्यपि यो परिवर्तन विशेषतः निर्माण, औद्योगिक उत्पादन, वाणिज्य र यातायातजस्ता काममा प्रवेश गर्ने पुरुषका कारण भएको हो। खाद्यान्न तयार गर्ने, पानी र दाउरा सङ्कलन गर्नेजस्ता आफ्नै उपभोगका वस्तु उत्पादन गर्ने काममा पुरुषको तुलनामा महिला बढी संलग्न छन् (नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/७५)।


नेपालमा श्रमशक्ति सहभागितामा महिला र पुरुषबिच ठूलो अन्तर छ। महिलाको श्रमशक्ति सहभागिता दर २६ प्रतिशत छ भने पुरुषको लगभग ५४ प्रतिशत छ। यद्यपि "श्रम शक्ति" को परिभाषाले आफ्नै उपभोगका लागि वस्तुको उत्पादन गर्ने कार्यलाई भने समेट्दैन र यही कार्यमा महिलाहरू असमान रूपमा बढी संलग्न छन्।

**श्रमशक्ति सहभागिता दर** भनेको श्रम बजारमा सक्रिय रूपमा काम गर्ने वा काममा खोजीमा संलग्न भएका काम गर्ने उमेरको जनसंख्या (१५ वर्ष वा सोभन्दा माथि) को अनुपातको मापन हो। श्रमशक्ति भनेको रोजगारीमा रहेका र बेरोजगार भएका व्यक्तिहरूको संख्याको जोड हो।

**बेरोजगारी दर**ले काम खोज्न प्रयासरत श्रम शक्तिको अनुपात मापन गर्दछ। यी तीन ओटा अवस्थामा रहेमा कुनै व्यक्ति बेरोजगार मानिन्छ: (१) सन्दर्भ हप्तामा कुनै काम नगरेको, (२) आगामी दुई हप्ताभित्र काम गर्न उपलब्ध रहेको, र (३) विगत चार हप्तामा सक्रिय रूपमा काम खोजिरहेको वा आउँदो तीन महिनाभित्र शुरु हुने जागिर फेला पारेको।

श्रमशक्ति सहभागिता दर महिलाका लागि **२६ %** छ भने पुरुषका लागि लगभग **५४ %** छ।


**श्रम शक्तिमा सहभागिता दर, २०७४/७५**




स्रोत: नेपाल श्रम शक्ति सर्वेक्षण २०७४/७५, केन्द्रीय तथ्याङ्क विभाग

प्रदेश तहमा श्रमशक्ति सहभागितामा सबैभन्दा ठूलो लैङ्गिक भिन्नता सुदूरपश्चिम प्रदेशमा देखिएको छ। यहाँका लगभग आधा पुरुष श्रमशक्ति रोजगारीमा वा सक्रिय रूपमा रोजगारीको खोजीमा छन् भने यो संख्या महिलामा छ जनामा एक जना मात्र छ। श्रमशक्तिमा सक्रिय महिला र पुरुषको संख्या सबैभन्दा बढी बागमतीमा छ, जहाँ महिलाको ३६ प्रतिशत र पुरुषको ६० प्रतिशत सहभागिता रहेको छ। श्रमशक्तिमा महिलाको सहभागिता दर राष्ट्रिय दरभन्दा अलि बढी रहेको गण्डकी प्रदेशमा लैङ्गिक अन्तर पनि सबैभन्दा कम (२२ प्रतिशत) रहेको पाइन्छ।

**प्रदेशगत श्रम शक्तिमा सहभागिता दर, २०७४/७५**




स्रोत: नेपाल श्रम शक्ति सर्वेक्षण २०७४/७५, केन्द्रीय तथ्याङ्क विभाग

## महिलाको तुलनामा दोब्बरभन्दा बढी पुरुष रोजगारीमा

श्रम बजारको अर्को प्रमुख सूचक भनेको रोजगार-जनसंख्या अनुपात हो। यो सूचकले काम गर्ने उमेरको कुल जनसंख्याको तुलनामा रोजगारीमा रहेका व्यक्तिहरूको संख्या देखाउँछ। श्रम बजारका अन्य सूचकमा जस्तै यसमा पनि पुरुषको तुलनामा महिला निकै कम छन्।

**रोजगारी-जनसंख्याको अनुपात (प्रतिशतमा), २०७४/७५**




स्रोत: नेपाल श्रम शक्ति सर्वेक्षण २०७४/७५, केन्द्रीय तथ्याङ्क विभाग

नेपाल श्रम शक्ति सर्वेक्षण २०७४/७५ ले काम गर्ने उमेरका (१५ वर्षभन्दा माथिका) करिब आधा पुरुष (४८.३ प्रतिशत) रोजगारीमा रहेको देखाएको छ। यो महिलाको तुलनामा दोब्बर हो। काम गर्ने उमेरका महिलामध्ये २२.९ प्रतिशत मात्रै कुनै न कुनै रूपमा रोजगारीमा छन्।

नेपाली महिलाको कम रोजगारी दरको मुख्य कारणमा उनीहरू घरायसी काम र पारिवारिक स्याहारसुसारमा संलग्न हुनुपर्ने हुनाले पूर्णकालीन काममा संलग्न हुन वा राम्रो कामका अवसरको लागि बसाइँ सर्न पाउने सम्भावना कम हुनु हो। नेपाल श्रम शक्ति सर्वेक्षण, तेस्रोका अनुसार १० जनामध्ये ९ जना महिला पारिश्रमिक बिनाको पारिवारिक काममा संलग्न रहेको पाइयो, जबकि पुरुषमा यो संख्या १० जनामा ४ जना थियो।


काम गर्ने उमेरका महिलामध्ये
**२२.९ %**
मात्रै कुनै न कुनै रूपमा रोजगारीमा छन्।

## महिला बेरोजगारी दर उच्च

पुरुषको श्रमशक्ति सहभागिता दर महिलाको तुलनामा उल्लेख्य रूपमा बढी भए पनि बेरोजगारी दरमा भने लैङ्गिक भिन्नता त्यति ठूलो देखिएको छैन। बेरोजगार मान्नको लागि तीनओटा मापदण्ड एकैसाथ पूरा गर्नुपर्छ: व्यक्ति पूर्ण रूपमा कामविहीन, हाल कामको लागि उपलब्ध र काम खोज्न सक्रिय प्रयास गरेको हुनुपर्छ।

महिलाको बेरोजगारी दर (१३.१ प्रतिशत) पुरुषको (१०.३ प्रतिशत) भन्दा अलि बढी छ।

**प्रदेशगत बेरोजगारी दर (प्रतिशतमा), २०७४/७५**




स्रोत: नेपाल श्रम शक्ति सर्वेक्षण २०७४/७५, केन्द्रीय तथ्याङ्क विभाग

कर्णाली र गण्डकी प्रदेशबाहेक सबै प्रदेशमा बेरोजगारी दरमा लैङ्गिक अन्तर देख्न सकिन्छ। मधेशमा पुरुष र महिला दुवैको बेरोजगारी दर (१५.३ प्रतिशतको तुलनामा २८.६ प्रतिशत) उच्चतम रहेको छ। साथै बेरोजगारीमा सबैभन्दा ठूलो लैङ्गिक अन्तर पनि छ। पुरुषको मौसमी बसाइँसराइ उच्च भएको सुदूरपश्चिम प्रदेशमा महिला र पुरुषको बेरोजगारी दर बराबर रहेको विषय भने रोचक छ। कर्णालीमा महिलातर्फ सबैभन्दा ठूलो अन्तर रहेको पाइन्छ। यहाँ ११.७ प्रतिशत बेरोजगार पुरुषको तुलनामा ६ प्रतिशत महिला मात्रै बेरोजगार छन्।


## बालश्रममा बालकभन्दा बालिका संलग्न हुने सम्भावना बढी

*__रोजगारीमा रहेका बालबालिकाहरू:__ छोटो सन्दर्भ अवधिमा वस्तु उत्पादन गर्ने वा तलब वा नाफाको लागि सेवा प्रदान गर्ने कुनै पनि गतिविधिमा संलग्न भएर काम गरिरहेका ५-१७ वर्ष उमेरका बालबालिकाहरू।*

*__बाल श्रम__ भन्नाले निर्दिष्ट समय अवधिमा (सर्वेक्षणको ७ दिनअघि) निम्न गतिविधिहरू मध्ये एक वा सोभन्दा बढीमा संलग्न ५ देखि १७ वर्ष उमेरका सबैजना पर्छन्: सन्दर्भ हप्तामा कम्तीमा १ घण्टा काम गरिरहेका ५-१३ वर्षका बालबालिका; सन्दर्भ हप्तामा कम्तीमा ३६ घण्टा काम काम*

बालबालिका विद्यालयमा हुनुपर्ने भए तापनि अझै पनि नेपालका धेरै परिवारका लागि र विशेष गरी गरिब घरपरिवारका लागि बालश्रम आयको महत्त्वपूर्ण स्रोत हुने गरेको छ। नेपालमा लगभग १५ प्रतिशत बालबालिका श्रममा संलग्न छन्, जसमध्ये काम गर्ने बालक १४ प्रतिशत छन् भने बालिका केही बढी (१७ प्रतिशत) रहेको पाइन्छ।

**५-१७ वर्ष उमेरका बालबालिकाको रोजगारी, २०७४/७५**




स्रोत: नेपाल श्रम शक्ति सर्वेक्षण २०७४/७५, केन्द्रीय तथ्याङ्क विभाग

यसबाहेक पुरुष परिवारमुली भएका घरपरिवारको तुलनामा महिला परिवारमुली भएका घरपरिवारका बालबालिका बालश्रममा बढी संलग्न छन्। नेपाल बाल श्रम प्रतिवेदन, २०७८ अनुसार पुरुष परिवारमुली भएका घरपरिवारमा १४.७ प्रतिशत बालश्रम छ भने, महिला परिवारमुली भएका घरपरिवारमा १६.४ प्रतिशत बालश्रम हुने गरेको छ। घरपरिवारका वयस्कमध्ये कोही पनि रोजगार छैनन् भने बालबालिकाहरू श्रममा संलग्न हुने सम्भावना बढी हुन्छ भन्ने विषय पनि तथ्याङ्कले देखाएकोले यसले मुख्यतया गरिब परिवारका लागि बालश्रम एउटा बाध्यता भएको पुष्टि गर्दछ।

*गरिरहेका १४-१७ वर्षका बालबालिका; जोखिमपूर्ण कार्य सूची अनुसारका जोखिमपूर्ण काममा संलग्न बालबालिका; र राति काम गर्ने बालबालिका।*

## महिलाको ठूलो संख्या अनौपचारिक क्षेत्रको काममा


औपचारिक क्षेत्रका लगभग सबै रोजगार व्यक्ति गैरकृषि क्षेत्रमा काम गर्छन्। नेपालमा १० जनामध्ये ४ जना पुरुष र एक तिहाइभन्दा अलिकति मात्र बढी महिलाले औपचारिक रोजगारी क्षेत्रमा काम गर्छन्।

अनौपचारिक क्षेत्रमा कार्यरत ५ जनामध्ये ३ पुरुष छन् र तीमध्ये अधिकांश (४५.८ प्रतिशत) गैरकृषि क्षेत्रमा कार्यरत छन्। १३.४ प्रतिशतले मात्र कृषिमा काम गर्छन्। रोजगारीमा रहेका महिलामध्ये अनौपचारिक क्षेत्रमा महिलाको संख्या बढी (दुई तिहाइ) छ र पुरुषको तुलनामा उनीहरू कृषि र गैरकृषि रोजगारीमा समान रूपमा कार्यरत छन् (क्रमशः ३१.८ प्रतिशत र ३२.९ प्रतिशत)। निजी घरपरिवारमा थोरैले काम गर्ने भए पनि त्यहाँ काम गर्ने महिलाको संख्या पुरुषको तुलनामा ३ गुणा बढी छ (क्रमशः १.८ प्रतिशत र ०.६ प्रतिशत)।

*__औपचारिक क्षेत्र__ले सरकारी वा राज्यको स्वामित्वमा रहेका उद्यम/निकाय वा अन्तर्राष्ट्रिय संस्था/विदेशी दूतावासमा काम गर्नेहरू र सम्बन्धित निकायमा दर्ता भई संचालनमा रहेका कम्पनी वा प्रतिष्ठानमा काम गर्नेहरूलाई समेट्छ।*

*अर्कोतर्फ, __अनौपचारिक क्षेत्र__ (गैरकृषि) ले सम्बन्धित निकायमा दर्ता नभएका वा औपचारिक वैधानिकता नपाएका संस्था/व्यवसायहरूमा कार्यरत व्यक्तिहरू समेट्छ। निजी घरपरिवारमा काम गर्नेहरूलाई अनौपचारिक क्षेत्रमा रहेको मानिन्छ।*

**१५ वर्ष वा सोभन्दा माथिको हाल रोजगारीमा रहेको जनसंख्या (प्रतिशतमा), २०७४/७५**




स्रोत: नेपाल श्रम शक्ति सर्वेक्षण २०७४/७५, केन्द्रीय तथ्याङ्क विभाग


औपचारिक वा अनौपचारिक जस्तोसुकै भए तापनि कृषि क्षेत्रको औसत मासिक आम्दानी गैरकृषि क्षेत्रको तुलनामा कम छ। अधिकांश रोजगार महिला कृषि क्षेत्रमा कार्यरत छन्।

अनौपचारिक क्षेत्रको रोजगारीमा काम गर्दा कार्यस्थलसम्बन्धी मौलिक अधिकारको शोषण हुने र ती अधिकारबाट वञ्चित हुने उच्च जोखिम रहन्छ किनभने अनौपचारिक क्षेत्रमा सरकारले नियमन गर्न सक्ने अवस्था हुँदैन (अन्तर्राष्ट्रिय श्रम संगठन)।

## महिलाको आम्दानी पुरुषको आम्दानीको ६७ प्रतिशत मात्र

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार प्रबन्धक, पेशागत व्यवसायी वा प्राविधिकजस्ता उच्च आय हुने पेशामा पुरुषको संख्या बढी छ। महिला भने कृषि, वन र मत्स्यपालनसँग सम्बन्धित सानातिना पेशा र कामहरूमा केन्द्रित छन्।

**पेशाअनुसार १० वर्ष र सोभन्दा माथि उमेरका पुरुष र महिलाको संख्या (प्रतिशतमा), २०७८**





स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

राष्ट्रिय श्रमशक्ति सर्वेक्षण, तेस्रोको प्रतिवेदनअनुसार ४२.६ प्रतिशत महिला कामदार कम पारिश्रमिक पाउने काममा संलग्न छन्। सामान्यतया पुरुषको मासिक औसत आम्दानी महिलाको तुलनामा बढी छ अर्थात् महिलाले रोजगार पुरुषले कमाउने आयको ६७ प्रतिशत मात्र कमाउँछन्।

समान पेशामा हुँदा पनि उनीहरूको तलबमा लैङ्गिक अन्तर हुने गर्छ। यस्तो प्रवृत्ति समानतातर्फ गएको देखिन्छ। प्राविधिक र सहायक व्यावसायिक पेशा, साथै कृषि, वन र मत्स्यपालनसम्बन्धी दक्ष पेशाहरूमा भने तलब अन्तर कम छ।

**रोजगारीको अवस्थाअनुसार आर्थिक काममा संलग्न १० वर्ष र सोभन्दा माथि उमेरको जनसंख्या, २०७८**





स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

नेपालमा महिला र पुरुषको आर्थिक गतिविधिको रोजगारी स्थितिलाई तुलना गर्दा पारिवारिक व्यवसायमा बेतलबी पारिवारिक सदस्यका रूपमा काम गर्ने कुल संख्यामध्ये महिलाको संख्या झन्डै ६० प्रतिशतभन्दा बढी रहेको पाइन्छ। दोस्रो कुरा, नेपालका स्वरोजगार व्यक्तिमा आधाभन्दा बढी महिला छन्, जसमध्ये पनि केबल २४ प्रतिशत रोजगारदाता र ३६ प्रतिशत कर्मचारी मात्रै महिला छन्।

## मासिक ७,६०० रुपैयाँभन्दा कम आम्दानी गर्ने १० जनामध्ये ६ जना महिला

मासिक नगद आम्दानी भनेको रोजगारदाताले भुक्तान गर्ने रकमका साथै कुनै पनि टिप्स, कमिसन वा बोनसबाट कमाइएका अतिरिक्त पैसासमेत हो। यदि कुनै व्यक्ति एकभन्दा बढी काममा संलग्न छ भने, उसले सबैभन्दा धेरै समय काम गर्ने कामलाई मुख्य काम मानिन्छ।

**मासिक आयमा मुख्य रोजगारीबाट हुने योगदानमा महिलाको हिस्सा (प्रतिशतमा), २०७४/७५**




स्रोत: नेपाल श्रम शक्ति सर्वेक्षण २०७४/७५, केन्द्रीय तथ्याङ्क विभाग

सबैभन्दा कम मासिक आम्दानी गर्ने वर्गको तथ्याङ्कमा, अर्थात् मासिक रु. ७,६०० भन्दा कम आम्दानी गर्नेमध्ये ५८ प्रतिशत महिला रहेका छन्। मासिक रु. ७,६०० वा सोभन्दा बढी कमाउनेमध्ये पुरुषको संख्या बढी रहेको र रु. २५,००० वा त्योभन्दा बढी (सबैभन्दा धेरै आम्दानी) कमाउने जनसंख्याको लगभग ८८ प्रतिशत पनि पुरुष नै छन्। महिलाहरू अनौपचारिक क्षेत्रको काममा संलग्न हुनु, साक्षरता दर कम हुनु, अनुभवको कमी र प्रमुख तथा व्यवस्थापक पदहरूमा अत्यन्त न्यून उपस्थिति उनीहरूको कम आम्दानी हुनुको कारण हुन्। वि.सं. २०७५ मा नेपालमा औसत मासिक आम्दानी १७,८०९ रुपैयाँ रहेको थियो।

अर्थात् मासिक रु.७,६०० भन्दा कम आम्दानी गर्ने मध्येमा

**५८ %**

महिला रहेका छन्।

परिच्छेद ५

# हानिकारक परम्परागत अभ्यासहरू

## आधुनिकीकरणका बाबजुद हानिकारक परम्पराको अभ्यास


**नेपालले महिलालाई असर गर्ने हानिकारक परम्परागत अभ्यासमाथि प्रतिबन्ध लगाए पनि केही त्यस्ता अभ्यास अझै पनि बाँकी छन् । उदाहरणका लागि, २० वर्षभन्दा कम उमेरमा विवाह गर्न निषेध गरिएको छ तर अझै पनि एक तिहाइ किशोरीको विवाह १८ वर्ष पुग्नुअघि नै हुने गरेको छ जसले उनीहरूको स्वास्थ्य र शिक्षाका अवसरको सम्भावनालाई कम गर्छ । महिनावारीका समयमा छुवाछुत गर्ने प्रथाले अझै पनि हजारौं किशोरी र महिलालाई नकारात्मक असर पार्ने गरेको छ भने बहुविवाहले महिलाका अवसरलाई सीमित पारिदिने गरेको छ ।**

नेपाल शताब्दीयौंदेखि विभिन्न जातजाति, धर्म र आदिवासी जनजातिको प्रभावसहितको बलियो र गौरवशाली परम्परा भएको देश हो । यस्ता धेरैजसो परम्पराले २१औँ शताब्दीमा नेपाली हुनु भनेको के हो भन्ने चिनाउँछ तर तीमध्ये कतिपय परम्परालाई हानिकारक पनि मानिन्छ । पितृसत्तात्मक समाजमा केही यस्ता परम्परागत प्रचलन महिलाका लागि हानिकारक हुनु असामान्य होइन । यस्ता हानिकारक अभ्यासलाई नेपालको कानूनले गैरकानूनी ठहर गरेका छन्, तर अझै पनि यसले समाजलाई असर पारिरहेको छ ।

### कम उमेरमा विवाह महिलामा उच्च

यी हानिकारक परम्परामध्ये सबैभन्दा बढी महिलाको कम उमेरमै विवाह गर्ने अभ्यास प्रचलनमा रहेको छ । नेपालमा वि. सं. २०२० सालदेखि बालविवाह गैरकानूनी मानिएको छ । वि.सं. २०७४ (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा १७३) देखि महिला र पुरुष दुवैका लागि विवाहको कानूनी उमेर २० वर्ष तोकिए पनि यो प्रचलन अझै व्यापक छ ।

**१५ र १८ वर्ष उमेर नपुग्दै विवाह भएका २०-२४ वर्ष उमेर समूहका विवाहित महिला (प्रतिशतमा), २०७१ र २०७६**





स्रोत: नेपाल बहुसूचक सर्वेक्षण २०७१ र २०७६, केन्द्रीय तथ्याङ्क विभाग

वि. सं. २०७६ मा गरिएको नेपल बहुसूचक सर्वेक्षणको तथ्याङ्कअनुसार, सबै किशोरीमध्ये एक तिहाइको १८ औं जन्मदिनभन्दा अघि नै र ८ प्रतिशतको १५ वर्ष पुग्नुअघि नै विवाह भइसकेको थियो । पछिल्लो एक दशकमा भने यसमा केही सकारात्मक परिवर्तन भएको पाइन्छ । २०-२४ वर्ष उमेर समूहका महिलामा १५ वर्ष पुग्नुअघि विवाह गरेका महिलाको संख्या २०७१ मा १०.४ प्रतिशत थियो भने, २०७६ मा यो संख्या ७.९ प्रतिशतमा झरेको छ । २०७१ र २०७६ को बिचमा १८ वर्षको उमेर नपुग्दै विवाह गर्ने किशोरीको संख्या ३६.६ प्रतिशतबाट ३२.८ प्रतिशतमा झरेको छ ।

पहिलो विवाहको औसत उमेर पनि सकारात्मक प्रवृत्तितर्फ उन्मुख देखिन्छ। २५-४९ वर्षका महिलाको पहिलो विवाह वा दाम्पत्य जीवनको शुरुवातमा औसत उमेर २०५३ देखि २०७८ सम्म आइपुग्दा १६.२ बाट बढेर १८.३ मा पुगेको छ। पछिल्ला वर्षहरूमा महिला र पुरुष दुवैको पहिलो विवाहको औसत उमेर स्थिर रूपले वृद्धि हुँदै गरेको देखिन्छ।


**२५-४९ वर्षका व्यक्तिको पहिलो विवाह भएको वा सम्बन्धमा रहेको औसत उमेर (मध्यक), २०५३-२०७९**




स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०५३-२०७९ , स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

बालविवाहका कारण युवा र विशेष गरी किशोरीले विभिन्न हानिकारक परिणामहरू भोग्नुपर्ने हुनसक्छ। ती परिणामहरूमध्ये विद्यालय जान चाँडो छाड्नु (सेकिन, सन् २०१७), घरेलु हिंसाको जोखिम बढ्नु र गरिबीको चक्रमा फस्नुलगायत पर्छन्। त्यसै गरी, कम उमेरमा विवाह गर्दा आमा र बच्चा दुवैको स्वास्थ्यमा नराम्रो असर पर्न सक्छ। नेपाल सरकारले बालविवाह अन्त्य गर्न राष्ट्रिय रणनीति बनाएको छ, साथै दिगो विकास लक्ष्यको कार्यसूची अनुरूप सन् २०३० भन्दा अगाडि नै नेपालले बालविवाह अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ। बालविवाह बढी हुने क्षेत्रमा शिक्षा र रोजगारीका कार्यक्रमहरू सञ्चालनमा ल्याइएको छ।


**१८ वर्षको उमेरअघि पहिलो विवाह भएका वा सम्बन्धमा रहेका व्यक्ति (प्रतिशतमा), २०७६**




स्रोत: नेपाल बहुसूचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्याङ्क विभाग

विभिन्न प्रदेशहरूबिच बालविवाहमा उल्लेख्य भिन्नता छ । मधेश र कर्णाली प्रदेशमा दुईमध्ये एक महिलाको १८ वर्ष नपुग्दै विवाह हुने गरेको छ । यी दुई प्रदेशमा १५ वर्ष नपुग्दै विवाह गर्ने महिलाको संख्या पनि सबैभन्दा बढी छ । मधेश र कर्णालीमा गरिबीको उच्च दर (नेपालको बहुआयामिक गरिबी सन् २०२१) हुनु पनि यहाँ बालविवाहको बढी प्रचलन हुनुको एउटा कारण हुन सक्छ । महिलाले आफ्नो पहिलो महिनावारीअघि विवाह गरे स्वर्ग जान्छन् भन्ने विश्वासजस्ता नकारात्मक सांस्कृतिक अभ्यासहरूले कम उमेरको विवाह हुनेको संख्या बढ्ने गरेको छ । साथै, छोरीको विवाह गरिदिएपछि गरिब परिवारको आर्थिक बोझ कम हुन्छ भन्ने पनि आम धारणा छ । यसका साथै, कतैकतै छोरीको सानै उमेरमा विवाह गरिदिँदा परिवारले थोरै दाइजो दिए पुग्छ भन्ने जनविश्वास पनि पाइन्छ ।

**१५ वर्षको उमेरअघि पहिलो विवाह वा सम्बन्ध भएका व्यक्ति (प्रतिशतमा), २०७६**





स्रोत: नेपाल बहुसूचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्याङ्क विभाग

## बहुविवाह अझै प्रचलित - महिलाका लागि नकारात्मक परिणाम

बहुविवाह अर्थात् एकभन्दा बढी श्रीमान् वा श्रीमती राख्ने चलनको नेपालमा पुरानो परम्परा छ । बहुपत्नी प्रथा भनेको एकभन्दा बढी श्रीमती राख्ने प्रथा हो भने बहुपति प्रथा भनेको एकभन्दा बढी श्रीमान् राख्ने प्रथा हो । यी दुवै अभ्यास नेपालमा अवैध छन् ।

**बहुविवाहको सम्बन्धमा रहेका १५-४९ वर्ष उमेरका महिलाको प्रतिशत, २०७६**




स्रोत: नेपाल बहुसूचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्याङ्क विभाग

बहुविवाहको दर सबैभन्दा बढी बागमती प्रदेशमा (३.७ प्रतिशत) र सबैभन्दा कम मधेश प्रदेशमा (१.७ प्रतिशत) रहेको छ।

वि.सं. २०७६ मा बहुविवाहको दर सबैभन्दा बढी बागमती प्रदेशमा (३.७ प्रतिशत) र सबैभन्दा कम मधेश प्रदेशमा (१.७ प्रतिशत) रहेको छ भने राष्ट्रिय औसत २.९ प्रतिशत रहेको छ। राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणहरूका अनुसार १५-४९ वर्षका विवाहित महिलामा बहुविवाह २०५३ मा ६ प्रतिशत थियो भने सो संख्या २०६३ मा घटेर ४ प्रतिशत र २०७८ मा २ प्रतिशत पुगेको छ।

बहुविवाहले सपत्नीहरूबिच समस्या सिर्जना गर्नुका साथै उनीहरूको शारीरिक तथा मानसिक स्वास्थ्य र सामाजिक हितमा हानि पुग्ने, र बालबालिकाको भावनामा हानि पुगेर प्रायः उनीहरूको स्वास्थ्यमा गम्भीर परिणामहरू ल्याउने देखिएको छ (भल्ला र पियर्स, सन् २०१५)।

विशेष गरी ग्रामीण क्षेत्रमा परिवारका आयआर्जन गर्ने एक मात्र व्यक्ति श्रीमान हुने हुँदा धेरै सन्तान र पत्नीहरूले थोरै स्रोतका लागि प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ र तसर्थ बहुविवाह गरिबीको एउटा कारक पनि हुन सक्छ (भोन स्ट्रुन्सी, सन् २००५)।[3]

## महिनावारीको समयमा हेयपूर्ण छुवाछुतको चलन


***छाउपडी** भनेको छुवाछुतको यस्तो परम्परा हो, जसमा महिनावारीको समयमा महिला/किशोरी आफ्नो घरबाट टाढा, सामान्यतया छाप्रो/गोठमा बस्नुपर्ने सामाजिक प्रचलन हो जसबाट महिलाहरू सांस्कृतिक र सामाजिक मूल्यमान्यताहरूबाट वर्जित हुन बाध्य हुन्छन्।*

छाउपडीको हानिकारक प्रथालाई अदालतको आदेशद्वारा २०६२ सालदेखि गैरकानूनी घोषित गरिएको छ। यसमाथिको प्रतिबन्ध कार्यान्वयन गर्न सरकारले २०६४ मा छाउपडी नियन्त्रण निर्देशिका बनाएको थियो। फौजदारी संहिता २०७४ को दफा १६८(३) द्वारा छाउपडीलाई निषेध गरियो; तर नेपालको पश्चिमी भेग, सुदूरपश्चिम र कर्णालीमा यो चलन अझै कायम छ। कर्णाली प्रदेशमा २४ प्रतिशत महिला महिनावारी हुँदा छाउपडीमा बस्ने गरेको पाइन्छ भने यो संख्या सुदूरपश्चिममा २१ प्रतिशत रहेको छ। अन्य प्रदेशमा भने यो प्रथा मान्ने संख्या न्यून रहेकोले राष्ट्रिय औसत ४ प्रतिशत मात्र रहेको छ।

महिलाको महिनावारीसँग सम्बन्धित अन्धविश्वासका परिणामस्वरूप नेपालको पश्चिमी प्रदेशहरूमा छाउपडी प्रथाको प्रचलन बढी रहेको हुन सक्छ। उदाहरणका लागि, किशोरी वा महिलाले महिनावारीको समयमा छाउपडीमा नबस्दा पुरुष बिरामी हुने, बालीमा फल नलाग्ने, गाईवस्तुले दूध नदिने, विद्याकी देवी सरस्वती अप्रसन्न हुने आदि अन्धविश्वास।

[3]Both taken from https://asiapacific.unfpa.org/sites/default/files/pub-pdf/child_marriage_and_other_harmful_practices_unfpa_apro_and_unicef_rosa_2020.pdf

**गत १२ महिनामा पछिल्लोपल्ट महिनावारी हुँदा छाउपडीमा बसेका महिलाको प्रतिशत, २०७६**




स्रोत: नेपाल बहुसूचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्याङ्क विभाग

परिच्छेद ६

# महिला सशक्तीकरण

## महिलाको राजनीतिक सहभागिता र आर्थिक सशक्तीकरणमा सुधारको संकेत

**संवैधानिक व्यवस्थाका कारण संघीय संसदमा महिला प्रतिनिधित्व ३४ प्रतिशत पुगेको छ। वि.सं. २०६४ मा यो संख्या १२.५ प्रतिशत मात्र रहेको तुलनामा यो उल्लेखनीय वृद्धि हो तर अझै पनि स्थानीय तहको राजनीतिमा पुरुषको नै वर्चस्व छ। आर्थिक सशक्तीकरणमा महिला अलि पछि नै भए तापनि महिलाद्वारा सञ्चालित व्यवसाय/प्रतिष्ठानहरू र अचल सम्पत्तिमा महिलाको स्वामित्वमा भएको वृद्धिलाई सकारात्मक संकेतका रूपमा लिन सकिन्छ। साथै आफ्नै नाममा बैंक खाता हुने महिला र पुरुषको संख्या पनि बराबर छ।**

नेपालको सन्दर्भमा महिला सशक्तीकरणको मापदण्ड भनेको आर्थिक तथा वित्तीय स्रोतमा महिलाको समान पहुँच र नियन्त्रण हुनु हो। नेपालको संविधानले महिलाको हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ, सबै नागरिकको समानतालाई मान्यता दिएको छ र लैङ्गिक भेदभावलाई निषेध गरेको छ। लैङ्गिक समानता प्रवर्धन गर्ने उद्देश्यले गरिएका कानूनी व्यवस्थाका कारण महिला अधिकार र लैङ्गिक समानताको स्थितिले राजनीतिक क्षेत्रमा उल्लेख्य प्रगति देखाएको छ।

### संघीय संसदमा तीनमध्ये एक महिला

नेपालमा लैङ्गिक समानताको प्रवर्धन गर्ने उद्देश्यले, व्यवस्थापिकामा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ।

वि.सं. २०७९ को निर्वाचनबाट संघीय संसदको कुल ३३४ सिटमध्ये महिला प्रतिनिधित्व ३४ प्रतिशत रहेको छ। राष्ट्रिय सभा र प्रतिनिधिसभामा महिलाको सहभागिता क्रमशः ३७ र ३३ प्रतिशत रहेको छ, जुन राज्यको संरचनामा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुरूप छ।

नेपालमा लैङ्गिक समानताको प्रवर्धन गर्ने उद्देश्यका साथ संविधानको प्रगतिशील जनादेशले सबै व्यवस्थापिकामा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ।


नेपालको संघीय संसदमा दुई सदनका रूपमा राष्ट्रिय सभा र प्रतिनिधिसभा रहेका छन्।

राष्ट्रिय सभामा ५९ जना सदस्य हुन्छन्। जसमध्ये प्रत्येक प्रदेशबाट आठजना सदस्य निर्वाचित हुने र सरकारको सिफारिसमा राष्ट्रपतिले तीनजना सदस्य मनोनीत गर्ने व्यवस्था छ।

प्रतिनिधिसभामा जम्मा २७५ सदस्य हुन्छन् जसमध्ये १६५ जना सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको (प्रत्यक्ष) मतदानबाट र ११० जना समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुन्छन्।

जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस-आर्य, मधेशी, थारू, मुस्लिम र पिछडिएको क्षेत्रको बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने गरी समानुपातिक निर्वाचन प्रणाली सुनिश्चित गरिन्छ।

**संघीय संसदमा पुरुष र महिलाको हिस्सा (प्रतिशतमा), २०७९**





स्रोत: निर्वाचन आयोग नेपाल, २०७९

वि.सं. २०७९ को निर्वाचनबाट संघीय संसदको कुल ३३४ सिटमध्ये महिला प्रतिनिधित्व ३४ प्रतिशत रहेको छ। राष्ट्रिय सभा र प्रतिनिधिसभामा महिलाको सहभागिता क्रमशः ३७ र ३३ प्रतिशत रहेको छ, जुन राज्यको संरचनामा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुरूप छ।

वि.सं. २०६४ को संविधानसभा निर्वाचनबाट संविधान सभामा महिलाहरूको उपस्थिति १२.५ प्रतिशत (२४९ ओटा निर्वाचित सिटमध्ये ३०) मात्र थियो। संविधानमा लैङ्गिक आरक्षण प्रणालीले महिलाको राजनीतिक प्रतिनिधित्वमा उल्लेखनीय वृद्धि भएको देखिन्छ। वि.सं. २०७९ को आम निर्वाचनमा संघीय संसदमा महिलाले ३४.१ प्रतिशत सिट प्राप्त गरेका छन्। प्रतिनिधिसभा (३३.५ प्रतिशत) भन्दा राष्ट्रिय सभामा (३७.३ प्रतिशत) महिलाको सहभागिता केही बढी रहे पनि दुवै सदनले महिला प्रतिनिधित्वको लक्ष्य हासिल गरेको देखिन्छ।

**निर्वाचन प्रणालीअनुसार प्रतिनिधि सभामा पुरुष र महिलाले प्राप्त गरेका सिटको हिस्सा (प्रतिशतमा), २०७९**




स्रोत: निर्वाचन आयोग नेपाल, २०७९

निर्वाचनको तथ्याङ्कलाई विश्लेषण गर्दा संवैधानिक प्रावधानका रूपमा रहेको लैङ्गिक आरक्षणको कार्यान्वयन प्रभावकारी सिद्ध हुन्छ।

प्रत्यक्ष निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने) मार्फत् प्रतिनिधिसभामा महिला सहभागिता ५.५ प्रतिशत (१६५ सिटमध्ये ९) रहेको भए तापनि समानुपातिक निर्वाचन प्रणालीबाट महिला सहभागिता ३३.५ प्रतिशत पुऱ्याएर संवैधानिक व्यवस्थाअनुसार महिलाको प्रतिनिधित्व सुनिश्चित गरिएको हो।


## प्रदेशमा महिला प्रतिनिधित्व समानुपातिक निर्वाचन प्रणालीबाट सुरक्षित

प्रदेश संसदमा ३६ प्रतिशत (५५० मध्ये २००) महिला प्रतिनिधि भए पनि प्रत्यक्ष निर्वाचन प्रणालीबाट ४ प्रतिशत (३३० मध्ये १४) महिला निर्वाचित भएका छन्। यसबाट प्रदेश सभाको निर्वाचनमा लैङ्गिक असमानता देखिएको छ।

समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीमार्फत प्रदेशसभामा ८४.५ प्रतिशत महिला निर्वाचित भएका छन्। अर्को शब्दमा भन्नुपर्दा, निर्वाचन प्रणालीको व्यवस्थाले राजनीतिक सहभागिता र निर्णय प्रक्रियामा विभिन्न समूहको पहुँचलाई प्रभाव पार्छ।


***समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली*** *भन्नाले सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी मतदाताले उम्मेदवारलाई नभई राजनीतिक दलका लागि आफ्नो मतदान गर्छन्, जसले गर्दा विधायिकामा सीमान्तकृत र पछाडि पारिएका समूहको प्रतिनिधित्व सम्भव हुन्छ।*

**प्रदेश सभामा पुरुष र महिलाको हिस्सा, २०७९**




स्रोत: निर्वाचन आयोग नेपाल, २०७९

**निर्वाचन प्रणालीअनुसार प्रदेश सभामा पुरुष र महिलाले प्राप्त गरेका सिटको हिस्सा (प्रतिशतमा), २०७९**





स्रोत: निर्वाचन आयोग नेपाल, २०७९

## स्थानीय तहका महत्वपूर्ण कार्यकारी पदमा पुरुषकै वर्चश्व

संविधानले स्थानीय सरकारमा महिलाको न्यूनतम प्रतिनिधित्वलाई अनिवार्य गरेको छ भने स्थानीय निर्वाचन ऐनले प्रत्येक स्थानीय तहमा कम्तीमा दुईजना महिला सदस्य हुनुपर्ने व्यवस्था गरेको छ। राजनीतिक दलबाट स्थानीय तहमा मेयर/अध्यक्ष वा उपमेयर/उपाध्यक्षमध्ये कम्तीमा एकजना महिला उम्मेदवार हुनुपर्ने व्यवस्था पनि ऐनले गरेको छ।

**स्थानीय सरकारमा निर्वाचित कार्यकारी पुरुष र महिला जनप्रतिनिधिको हिस्सा (प्रतिशतमा), २०७९**




स्रोत: निर्वाचन आयोग नेपाल, २०७९


स्थानीय सरकारमा कुल जनप्रतिनिधिको ४१.२ प्रतिशत महिला छन्। तर मेयर, अध्यक्ष र वडाध्यक्ष जस्ता महत्त्वपूर्ण पदमा लैङ्गिक असमानता देखिएको छ। वि.सं. २०७९ को स्थानीय निर्वाचनमा सबै मेयर र अध्यक्षमध्ये ३ प्रतिशत मात्र महिला निर्वाचित भएका छन्। अर्थात् देशका ७५३ ओटा स्थानीय तहमध्ये ७२८ ओटामा मेयर वा अध्यक्ष पुरुष छन् भने २५ ओटा स्थानीय तहमा महिला छन् र उपमेयर वा उपाध्यक्ष पदमा ७६ प्रतिशत महिला छन्।

## व्यावसायिक प्रतिष्ठानमा तीनमध्ये एक महिला प्रबन्धक

वि सं. २०७५ को राष्ट्रिय आर्थिक गणनाअनुसार नेपालमा ९,२३,३५६ ओटा व्यावसायिक प्रतिष्ठान रहेका छन् जसमध्ये २९.६ प्रतिशतमा महिला प्रबन्धक छन्। यद्यपि, राष्ट्रिय आर्थिक गणना २०७५ को व्यवसायमा महिलासम्बन्धी विश्लेषणात्मक प्रतिवेदनका अनुसार १ वा २ जनाको संलग्नता भएका साना प्रतिष्ठानमा भने पुरुष प्रबन्धक (६८.६ प्रतिशत) को तुलनामा महिला प्रबन्धक (८३.६ प्रतिशत) को संख्या बढी छ। औपचारिक क्षेत्रमा महिलाका लागि अवसरहरूको अभावका कारण साना प्रतिष्ठानमा महिला प्रबन्धकको संख्या तुलनात्मक रूपमा उच्च भएको हुन सक्छ।

*एउटा निश्चित वा एकल स्थानमा अवस्थित वा स्थापना गरिएको आर्थिक एकाइलाई* ***व्यावसायिक प्रतिष्ठान*** *भनिन्छ।*

**व्यवसायिक प्रतिष्ठानमा लिङ्गगत व्यवस्थापकको हिस्सा (प्रतिशतमा), २०७५**




स्रोत: राष्ट्रिय आर्थिक गणना २०७५, केन्द्रीय तथ्याङ्क विभाग


## निजामती सेवामा महिला कम

निजामती सेवा भनेको राजनीतिक र न्यायिक पदबाहेक सरकारी सेवामा कार्यरत सरकारी कर्मचारीको निकाय हो। यी कर्मचारीहरूले जनताको हित र कल्याणका लागि सरकारका नीतिहरूको कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेल्छन्। वि.सं. २०६५ मा निजामती कर्मचारीमध्ये ९ प्रतिशत मात्र महिला थिए। नेपालको अन्तरिम संविधान २०६३ को प्रावधानअनुरूप, निजामती सेवा ऐन २०४८ को परिमार्जन गरिएपछि न्यून प्रतिनिधित्व भएका समूहहरूको लागि निजामती सेवामा आरक्षणको व्यवस्था गरियो। वि.सं. २०७९ मा निजामती सेवामा महिलाको संख्या बढेर झन्डै २८ प्रतिशत पुगेको छ। नेपाली कर्मचारीतन्त्रलाई थप प्रतिनिधिमूलक र समावेशी बनाउन यो संशोधनले निजामती सेवामा निश्चित प्रतिशत सिट महिलाका लागि आरक्षित गरेको छ।

वि.सं. २०६५ मा निजामती कर्मचारीमध्ये
९ %
मात्र महिला थिए।

*सरकारी कोषबाट तलबभत्ता पाउने विशिष्ट ज्ञान सीप भएका स्थायी प्रकृतिका नागरिक सेवामा समर्पित खुला एवं आन्तरिक प्रतिस्पर्धाबाट छानिएर आएका गैरराजनीतिक कर्मचारीहरूको व्यावसायिक सेवा सङ्गठन वा पद नै निजामती सेवा हो। जसमा सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल र ऐनले निजामती सेवाबाहेकका भनेको सेवामा रहेका अन्य पदहरूबाहेक नेपाल सरकारको सेवामा रहेका सबै पदहरू सम्झनुपर्छ।*

**निजामती सेवामा पुरुष र महिलाको हिस्सा (प्रतिशतमा), २०७९**




स्रोत: राष्ट्रिय किताबखाना (निजामती), २०७९


समग्रमा हेर्दा १३ प्रकारका निजामती सेवामा महिला कर्मचारीको संख्या आर्थिक वर्ष २०६४/६५ देखि २०७८/७९ सम्म आइपुग्दा १२ बाट २६ प्रतिशतमा बढेको छ। तथापि, सेवाअनुसार लैङ्गिक अन्तरमा भने भिन्नता छ। संवैधानिक निकायका सेवामा व्यापक लैङ्गिक असमानता देखिएको छ भने स्वास्थ्य सेवामा लैङ्गिक समानता लगभग हासिल भएको छ। यद्यपि, एउटै सेवाभित्र पनि महिला र पुरुषले गर्ने कामको प्रकार फरक हुन सक्ने हुँदा यो लैङ्गिक समानताले पुरुष र महिलाबिचको विद्यमान असमानतालाई भने चित्रण नगर्न सक्छ।

## महिला-लक्षित राष्ट्रिय बजेटमा वृद्धि हुँदै

लैङ्गिक उत्तरदायी बजेट एक यस्तो रणनीति हो जसले पहिचान गरिएका आवश्यकताहरूमा आधारित भएर स्रोतहरूको प्रभावकारी विनियोजन सुनिश्चित गर्दै महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरणलाई बलियो बनाउन लैङ्गिक समानताको दृष्टिकोणलाई बजेट प्रक्रियामा समावेश गर्दछ।

वि.सं. २०६४ देखि नेपाल सरकारको लैङ्गिक उत्तरदायी बजेट रणनीतिले सबै सरकारी प्रयासलाई महिला उत्थानको लागि प्रत्यक्ष, अप्रत्यक्ष वा तटस्थमध्ये कुन रूपमा उत्तरदायी छन् भनी लैङ्गिक संकेत गर्नुपर्ने बनाएको छ। नेपालमा लैङ्गिक उत्तरदायी बजेटका दृष्टिकोणबाट 'अंक दिने प्रणाली' प्रयोग गरिन्छ, जसमा पूर्व-परिभाषित अंकभार सहितका सूचक र उप-सूचकहरूको सूचीलगायतको निश्चित मापदण्डका आधारमा सबै खर्चको मूल्याङ्कन गर्नुपर्ने हुन्छ।

**लैङ्गिक उत्तरदायी बजेटका प्रकारको वितरण (प्रतिशतमा), २०७७/७८-२०७९/८०**




स्रोत: आर्थिक सर्वेक्षण २०७७/७८-२०७९/८०, अर्थ मन्त्रालय

***प्रत्यक्ष रूपमा लैङ्गिक-उत्तरदायी:*** *कार्यक्रमले कुल १०० अङ्कमा ५० वा त्योभन्दा बढी अंक प्राप्त गरेको।*

***अप्रत्यक्ष रूपमा लैङ्गिक-उत्तरदायी:*** *कार्यक्रमले कुल १०० अङ्कमा २० देखि ५० सम्मको अंक प्राप्त गरेको।*

***लैङ्गिक रूपमा तटस्थ:*** *कार्यक्रमले कुल १०० अङ्कमा २० भन्दा कम अंक प्राप्त गरेको।*


विगतका तीनओटा आर्थिक वर्षमा लैङ्गिक उत्तरदायित्वलाई प्रत्यक्ष सम्बोधन गर्ने बजेटको अनुपात आर्थिक वर्ष २०७७/७८ मा ३८ प्रतिशतबाट आर्थिक वर्ष २०७९/८० मा ४० प्रतिशतमा पुगेसँगै यसमा सामान्य वृद्धि भएको देखिन्छ।

## महिला परिवारमुली भएका परिवार संख्यामा वृद्धि

परिवारमुली भनेको घरको त्यो सदस्य हो जसले परिवारका गतिविधिहरू व्यवस्थापन गर्ने, निर्णय लिने र परिवारसँग सम्बन्धित सबै कुराका लागि जिम्मेवार हुने गर्छ। परम्परागत रूपमा नेपाल पितृसत्तात्मक समाज भएकाले पुरुष नै परिवारमुली हुने गरेका छन्। पछिल्ला वर्षमा भने महिला परिवारमुली भएका परिवारको संख्या बढ्दै गएको छ। वि.सं. २०७८ मा नेपालमा तीनमध्ये झन्डै एउटा परिवारको नेतृत्व महिलाले गरेको पाइयो जुन वि.सं. २०५८ को १५ प्रतिशतको तुलनामा बढी हो।

यद्यपि, महिला परिवारमुली भएका परिवार र तिनको वैवाहिक स्थिति हेर्दा अधिकांश परिवारमुली महिला विधवा वा आप्रवासीका श्रीमतीमध्ये एउटामा परेको भन्ने विषय पछिल्लो राष्ट्रिय जनगणनाको तथ्याङ्कले देखाउँछ।

**महिला परिवारमुली भएका घरपरिवारको हिस्सा (प्रतिशतमा), २०५८-२०७८**




स्रोत: राष्ट्रिय जनगणना २०५८-२०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

पुरुषको अनुपस्थितिमा महिलाको समग्र कार्यभार बढ्ने हुँदा महिला परिवारमुली भएका घरपरिवार गरिबी र सामाजिक-आर्थिक सीमान्तीकरणको उच्च जोखिममा रहने गरेको अनुसन्धानले देखाउँछ। अर्कातर्फ, परिवारमुली महिला अधिक स्वायत्तता अनुभव गर्न सक्ने र पुरुषको आप्रवासनले गर्दा भएको श्रम अभावको कारण पारिश्रमिक पाइने काममा बढी संलग्न हुन पनि सक्छन्।


परिवारमुली भएका महिलाका लागि आप्रवासनमा रहेका पुरुषले पठाएका विप्रेषण नै प्राय:जसो आफ्नो घरपरिवार धान्ने आर्थिक स्रोत हुने गर्दछ। तर अर्कोतिर, उनीहरूले समयको अभाव र निर्णय गर्ने शक्ति आफूमा कम भएको अनुभव गर्ने गर्छन् भन्ने कुरा विभिन्न अनुसन्धानले देखाएका छन्। श्रीमान्को मृत्यु वा सम्बन्ध-विच्छेदपछि परिवारमुलीको भूमिका ग्रहण गर्ने महिलाले भने सम्पत्तिका स्रोतहरू प्राप्त गर्न निकै चुनौतीको सामना गर्नुपरेको पाइन्छ। तथापि, उनीहरूले सार्वजनिक स्थलको पहुँचमा सुधार र बजारसँग सम्बन्धित कामका अवसर भने प्राप्त गरेका छन्।

## अचल सम्पत्तिको स्वामित्वमा महिलाको संख्या बढ्दो

आर्थिक सशक्तीकरणको एउटा मुख्य पाटो भनेको अचल सम्पत्ति (जग्गा वा घर) जस्ता आर्थिक स्रोतमा महिलाको पुरुषसरह समान पहुँच र नियन्त्रण हुनु हो। तसर्थ, विकासोन्मुख देशहरूमा महिला सशक्तीकरण र आर्थिक सबलीकरणका लागि भूमि अधिकारमा समतालाई महत्त्वपूर्ण उपायको रूपमा लिइन्छ।

नेपालमा विशेष गरी घर र जग्गा जस्ता पैतृक सम्पत्ति सामान्यतया छोरामा हस्तान्तरण हुन्छ। पैतृक सम्पत्तिको हकसम्बन्धी कानून भेदभावपूर्ण रहेकोमा करिब ४० वर्षपछि नेपाल सरकारले वि.सं. २०७४ मा मुलुकी देवानी संहिता लागु गऱ्यो, जसअनुसार छोरीले पनि आफ्ना बाबुआमाको सम्पत्तिमा समान अंश पाउनेछन्। यद्यपि, पितृसत्तात्मक सांस्कृतिक मूल्यमान्यता र परम्पराका कारण सम्पत्तिमा महिलाको पहुँचमा अवरोध हुने गरेको छ र महिलाको तुलनामा अचल सम्पत्तिको स्वामित्व पुरुषमा धेरै छ। विगत केही दशकमा भने नेपालमा आफ्नो जग्गाको स्वामित्व भएका महिलाको संख्या बढ्दै गएको छ।

**महिला परिवारमुली र अचल सम्पत्ति (जग्गा वा घर वा दुवै) मा महिलाको स्वामित्वको प्रतिशत, २०५८-२०७८**





स्रोत: राष्ट्रिय जनगणना २०७८-२०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

सम्पत्तिमा महिलाको स्वामित्वको अनुपात वि.सं. २०५८ मा ९ प्रतिशत थियो भने वि.सं. २०७८ मा यो २४ प्रतिशत पुगेको छ। भूमि तथा सम्पत्तिमा महिलाको स्वामित्वको अवस्था सुधार गर्न नेपालले विभिन्न प्रकारका प्रोत्साहन लागु गरेको छ। महिलाको नाममा र श्रीमान्/श्रीमतीको संयुक्त स्वामित्वमा घरजग्गा दर्ता गर्दा दिइने कर छुटजस्ता महत्त्वपूर्ण प्रोत्साहन छन्। नेपालमा भएका विभिन्न अध्ययनअनुसार जग्गाको स्वामित्वले महिलाको घरपरिवारसम्बन्धी निर्णय गर्ने क्षमता बढाउँछ। तथापि, औपचारिक रूपमा स्वामित्व हुँदैमा महिलाले आफ्नो सम्पत्तिमा निर्णयको अधिकार राख्न सक्छन् भन्ने नहुन सक्छ।

## ४ जनामध्ये १ नेपालीको मात्र बैंक खाता

वित्तीय पहुँचले मानिसलाई आफ्नो पैसामाथि नियन्त्रण र निर्णयहरू लिन सहज बनाउने हुनाले सशक्तीकरणका लागि यो एक महत्त्वपूर्ण पूर्वशर्त हो। आफ्नै बैंक खातामा पहुँच भएमा मानिसले भविष्यका लागि बचत गर्न सक्नुका साथै आर्थिक गतिविधि विस्तार, भुक्तानी र जोखिमविरुद्ध बीमा गर्नका लागि कर्जा प्राप्त गर्न सक्छन्।

**ब्याङ्क तथा वित्तीय संस्थामा खाता भएका जनसंख्याको प्रतिशत, २०७८**





स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालको कुल जनसंख्याको २५.६ प्रतिशतको मात्रै बैंक खाता छ। समग्रमा २६.४ प्रतिशत पुरुषको र २४.७ प्रतिशत महिलाको नाममा बैंक खाता छ। पुरुषको पक्षमा राष्ट्रिय स्तरको अन्तर लगभग दुई प्रतिशतको छ। तर प्रदेश तहमा भने भिन्नता बढी छ। देशको राजधानी भएको बागमती प्रदेशमा पुरुषको पक्षमा ६ प्रतिशतको भिन्नता रहेको छ, अर्थात् बैंक खाता हुने पुरुष ४३.२ प्रतिशत छन् भने महिलाको संख्या ३७.१ प्रतिशत छ। त्यसै गरी, अन्य प्रदेशको तुलनामा बागमतीमा महिला र पुरुष दुवै थरीका बैंक खातावालाको संख्या सबैभन्दा बढी छ।

२०२१ को जनगणनाको तथ्याङ्क अनुसार नेपाली जनसंख्याको **२५.६ %** मात्रै बैंक खाता छ।

**ब्याङ्क तथा वित्तीय संस्थामा खाता भएका जनसंख्याको प्रदेशगत प्रतिशत, २०७८**





स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

लुम्बिनी र गण्डकी दुई प्रदेशमा पुरुषभन्दा महिला बैंक खातावाला बढी छन् भने कोशीमा महिला र पुरुषको समान संख्या रहेको छ। बाँकी प्रदेशमा बैंक खाता भएका महिलाभन्दा पुरुष बढी छन्।

## वित्तसम्बन्धी निर्णय लिने शक्ति महिलामा कम

सशक्तीकरणको एउटा महत्त्वपूर्ण उपाय भनेको परिवारमा महिलाको निर्णय गर्ने शक्ति हो। घरपरिवारको अन्तिम निर्णय कसले गर्ने भन्ने प्रश्नमा अधिकांश महिलाले पति-पत्नी मिलेर निर्णय लिने गरेको प्रतिक्रिया दिए। तर कतिपय क्षेत्रमा पत्नीको तुलनामा पतिले धेरै निर्णय लिन्छन्।


**विगत १२ महिनामा लिइएका विभिन्न घरायसी निर्णयको वितरण (महिला परिवारमुली वा पुरुष परिवारमुलीको पत्नीका अनुसार) (प्रतिशतमा), २०६७/६८**




स्रोतः नेपाल जीवनस्तर सर्वेक्षण, २०६७/६८, केन्द्रीय तथ्याङ्क विभाग

कर्जा लिने र त्यसको प्रयोग गर्ने विषयमा महिलाको तुलनामा पुरुषमा निर्णय लिने शक्ति बढी छ। यसले परिवारको आर्थिक मामिलामा पतिको तुलनामा पत्नीको कम अधिकार रहेको देखाउँछ। रोजगारीका लागि आप्रवासन पनि एउटा यस्तो विषय हो, जहाँ पुरुषले महिलाको तुलनामा बढी निर्णय गर्छन्। यसमा १७.८ प्रतिशत पुरुषले र ८.५ प्रतिशत महिलाले निर्णय गरेको एक अध्ययनले देखाएको छ। २८ प्रतिशत महिलाले आफ्नो लागि स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन अन्तिम निर्णय गर्ने शक्ति आफूसँग भएको बताए।

**विगत १२ महिनामा लिइएका विभिन्न घरायसी निर्णयको वितरण (पुरुष परिवारमुली वा महिला परिवारमुलीको पतिका अनुसार) (प्रतिशतमा), २०६७/६८**





स्रोत: नेपाल जीवनस्तर सर्वेक्षण, २०६७/६८, केन्द्रीय तथ्याङ्क विभाग

## आम सञ्चारमाध्यमको उपभोगमा महिलाको संख्या न्यून

मानिसको आफ्नो पहिचान, सामाजिक मापदण्ड र मूल्यमान्यता निर्माणमा पत्रपत्रिका, रेडियो, टेलिभिजनजस्ता आमसञ्चारले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छन्। सूचनाको पहुँचले महिलालाई आफ्नो अधिकारको दाबी गर्न र आफ्नो दैनिक जीवनमा सही निर्णय गर्न सशक्त बनाउँछ।

पुरुषको तुलनामा महिलाले आम सञ्चारमाध्यम कम उपभोग गर्छन्। नेपाल बहुसूचक सर्वेक्षण २०७६ का अनुसार पुरुष र महिला दुबैका लागि नेपालमा सञ्चारमाध्यमको सबैभन्दा लोकप्रिय माध्यम टेलिभिजन हो र उनीहरूको टेलिभिजनमा लगभग समान पहुँच छ। तर रेडियो र पत्रपत्रिकामा महिलाको तुलनामा पुरुषको पहुँच बढी छ।

**आमसञ्चार माध्यमको उपभोग गर्ने जनसंख्या (प्रतिशतमा), २०७६**




स्रोत: नेपाल बहुसूचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्याङ्क विभाग

परिच्छेद ७

# महिला सुरक्षा

## लैङ्गिक हिंसा उजुरी र महिला आत्महत्या घटनामा वृद्धि

**वि.सं. २०७५ मा प्रहरीमा उजुरी गरिएका लैङ्गिक हिंसाका घटना १५,५०० थियो भने वि.सं. २०७७ मा यो संख्या बढेर २१,००० मा पुगेको छ। उजुरी गरिएका घटनामध्ये ८० प्रतिशत घरेलु हिंसाका छन्। चेतनामा वृद्धिका साथै सरकारी प्रयास/पहलका कारण उजुरीको संख्या बढे पनि यो संख्या वास्तविक घटनाका संख्याभन्दा कम नै हुने गरेका छन्। प्रजनन उमेरका महिलामा मृत्युको एक कारण आत्महत्या पनि हो र वि.सं. २०७७ मा करिब ३,००० ओटा त्यस्ता घटना दर्ता भएका थिए। महिलाले आत्महत्या गर्नुको मुख्य कारण हिंसा रहेको अनुसन्धानले देखाएको छ।**

### महिलाविरुद्ध अपराध

महिला हिंसा आधारभूत मानवअधिकारको उल्लङ्घन हो भनी विश्वव्यापी रूपमा स्वीकार गरिएको छ। 'महिलाविरुद्धको हिंसा उन्मूलनसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा -२०५०' ले कुनै पनि व्यक्तिविरुद्ध लिङ्गका आधारमा सार्वजनिक वा निजी जीवनमा हुने हिंसालाई लैङ्गिक हिंसाको रूपमा विश्वव्यापी परिभाषा गरेको छ। हिंसाले सामाजिक सहभागितालाई सीमित पार्ने भएकाले लैङ्गिक हिंसा समाजका लागि निकै हानिकारक मानिन्छ। सरकारले हिंसाको रोकथाम र हिंसा पीडित/प्रभावितको न्यायमा पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रयास गरेको छ।

लैङ्गिक हिंसा र बालबालिका तथा ज्येष्ठ नागरिकविरुद्ध हुने हिंसा रोकथाम र सम्बोधन गर्ने एउटा महत्वपूर्ण उपायका रूपमा नेपाल प्रहरीभित्र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक एकाइको स्थापना गरिएको छ। अहिले नेपालका ७७ ओटै जिल्लामा ती एकाइ सञ्चालनमा छन्। राष्ट्रिय महिला आयोगले हिंसा भोगेका देशभरका महिलाको घटना उजुरी लिनका लागि हेल्पलाइन ११४५ सञ्चालन गरेको छ।[4]

### महिलाविरुद्ध हुने हिंसामा घरेलु हिंसा अत्यधिक


उजुरी गरिएका सबै अपराधमध्ये घरेलु हिंसाको हिस्सा सबैभन्दा बढी अर्थात् ८० प्रतिशत रहेको छ। कुनै पनि व्यक्तिले आफ्नो पारिवारसँग सम्बन्ध भएको व्यक्तिलाई गरेको भौतिक हानिलाई घरेलु हिंसाका रूपमा परिभाषित गरिएको छ। प्रहरीमा उजुरी गरिएका बलात्कारको घटना र बलात्कारका प्रयासको घटना क्रमशः ११ प्रतिशत र ३ प्रतिशत रहेका छन्।

"**घरेलु हिंसा** भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ र यो शब्दले कुनै पनि धम्की वा भावनात्मक हानि पुग्ने कार्यलाई समेत समेट्छ।"

घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६

[4]https://cid.nepalpolice.gov.np/cid-wings/women-children-and-senior-citizen-service-directorate/

**प्रहरीको महिला, बालबालिका तथा जेष्ठ नागरिक एकाइमा उजुरी परेका विभिन्न प्रकारका अपराध (प्रतिशतमा), २०७८/७९**





स्रोत: नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, अभिलेख तथा विश्लेषण शाखा, २०७८/७९

## महिला विरुद्धका अपराधको घटनाबारे प्रहरीमा परेको उजुरी संख्यामा वृद्धि

घरेलु हिंसा, बलात्कार लगायतका अन्य महिलाविरुद्धका अपराधको कुल संख्या आर्थिक वर्ष २०७४/७५ मा १५,५५९ बाट वृद्धि भएर २०७८/७९ मा २१,३११ पुगेको छ।

त्यसमध्ये घरेलु हिंसाका घटनाहरूको संख्या आर्थिक वर्ष २०७४/७५ मा १२,२२५ थियो भने २०७८/७९ मा यो वृद्धि भएर १७,००० मा पुगेको छ। सोही अवधिमा बलात्कारका घटना पनि १,४८० बाट बढेर २,३८० मा पुगेको छ।

**प्रहरीमा उजुरी परेका महिला पीडित भएका अपराधको संख्या, २०७४/७५-२०७८/७९**




स्रोत: नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, अभिलेख तथा विश्लेषण शाखा, २०७८/७९


आर्थिक वर्ष २०७८/७९ मा प्रहरीमा बहुविवाहसम्बन्धी ६५५ ओटा उजुरी परेको थियो, जुन कुल घटनाको ३.८ प्रतिशत हो भने बाल यौन दुर्व्यवहारका घटना १.५ प्रतिशत थियो। बाल दुर्व्यवहारका घटनासम्बन्धी उजुरीको संख्या आर्थिक वर्ष २०७४/७५ मा १८२ थियो भने, २०७८/७९ मा उजुरी संख्यामा वृद्धि भई ३१४ पुगेको थियो।

प्रहरी कार्यालयको एकाइका रूपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको संख्या ७७ वटै जिल्लामा गरी जम्मा २३२ ओटा पुऱ्याउनका साथै सरकारले विभिन्न सरोकारवालासँगको सहकार्यमा हिंसाविरुद्ध शून्य सहनशीलता प्रवर्धन गर्दै महिला सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ।[5] यी कार्यक्रमहरू महिलालाई सशक्त बनाउने र अघि बढेर हिंसाको उजुरी गर्न सक्षम बनाउने उद्देश्यका साथ तयार गरिएका छन्। यसर्थ, उजुरीको संख्यामा वृद्धि हुनु भनेको हिंसाको व्यापकता बढेको भन्ने नभई अन्यायका विरुद्ध उजुरी गर्न धेरै महिलाहरू सशक्त र सक्षम भएका छन् भन्ने पनि हो।

## राजधानीमा घरेलु हिंसाका घटनाको उजुरी बढी

नेपालमा घरेलु हिंसाका उजुरीका दरमा क्षेत्रअनुसार असमानता देखिन्छ। राजधानी काठमाडौंमा उच्च दर प्रतिहजार बासिन्दामा २ ओटा घटनाको उजुरी हुन्छ भने अन्य क्षेत्रमा ०.५ देखि १.२ सम्म उजुरी पर्ने गरेको छ। प्रहरी चौकीमा पहुँच र जानकारी, प्रहरी चौकीको संख्या, भूगोल, गरिबी, साक्षरता, लान्छना र हिंसाको शिकार भएकोमा लज्जाजस्ता धेरैओटा कारकले उजुरी दरलाई प्रभाव पार्न सक्छ। काठमाडौंमा उजुरी दर उच्च हुनुको कारणमा प्रहरी चौकीमा सहज पहुँच, शिक्षा र उच्च चेतना स्तर र काठमाडौंमा हिंसा पीडितका लागि सहयोगका कार्यक्रम सञ्चालनमा रहेको हुन सक्छन्।

**घरेलु हिंसाका घटना (प्रति १००० जनसंख्यामा), २०७८/७९**




स्रोत: नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, अभिलेख तथा विश्लेषण शाखा, २०७८/७९

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकविरुद्ध हुने हिंसाको रोकथाम र अभियोजन दुवैलाई अझ प्रभावकारी बनाउन र समाजका सबैलाई समान रूपमा न्यायमा पहुँच प्रदान गर्न सबै प्रदेशमा उजुरी दर बढाउने लक्ष्य सरकारले लिएको छ।


## मधेश प्रदेशमा घरेलु हिंसा सबैभन्दा बढी

समाजमा व्याप्त समग्र घरेलु हिंसाका घटना प्रहरीमा उजुरी परेका मुद्दाभन्दा बढी हुने गर्छन्। घरेलु हिंसा र दाम्पत्य सम्बन्धमा हुने हिंसाको अनुभव गर्ने महिलाको संख्या उच्च छ, तर ती सबै घटनाको उजुरी परेका हुँदैनन्।

उदाहरणका लागि, वि.सं. २०७९ को राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणका प्रतिवेदनअनुसार, आफ्नो जीवनकालमा श्रीमान् भएका वा दाम्पत्य सम्बन्धमा रहेका मधेश प्रदेशका झन्डै आधा महिला (४६ प्रतिशत) ले आफ्नो अन्तरंग साथीबाट शारीरिक, यौन वा भावनात्मक हिंसाको अनुभव गरेको बताएका छन्। अरु प्रदेशभन्दा मधेश फरक देखिए पनि लुम्बिनी प्रदेशमा २९ प्रतिशत र बाँकी प्रदेशमा यसको व्यापकता १९ प्रतिशत (बागमती र गण्डकी) र २४ प्रतिशतको बिचमा रहेकोले यो निकै व्याप्त छ भन्ने देखिन्छ।

प्रदेशहरूबिचका यी भिन्नताको कारण प्रष्ट नभए पनि जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणको तथ्याङ्कमा आधारित भएर गरिएको नेपालमा दाम्पत्य सम्बन्धमा हिंसासम्बन्धी एक अध्ययनअनुसार अशिक्षित महिलाले हिंसाको अनुभव गर्ने सम्भावना १.७ गुणा बढी रहेको पाइयो। कम उमेरमा विवाह, आर्थिक सशक्तीकरणको अभाव, श्रीमान्को शैक्षिक स्तरमा कमी र मदिरा सेवन आदि नेपालको ग्रामीण क्षेत्रमा घरेलु हिंसा हुनुका प्रमुख कारण थिए (पौडेल, २०७८)।

**आफ्नो पति/अन्तरङ्ग साथीबाट शारीरिक, यौन वा भावनात्मक हिंसा भोगेका महिलाको प्रतिशत, २०७९**




स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०७९, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय


## एक चौथाइ महिलाले आफ्नो जीवनको कुनै न कुनै समयमा हिंसाको अनुभव गर्छन्

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०७९ ले सबै महिलामध्ये २४ प्रतिशतले आफ्नो जीवनको कुनै न कुनै समयमा शारीरिक वा यौन हिंसाको अनुभव गरेको देखाएको छ। सर्वेक्षण गरिएको अघिल्लो एक वर्षको अवधिमा १६ प्रतिशत महिलाले शारीरिक हिंसा र १.३ प्रतिशतले यौन हिंसाको अनुभव गरेको पाइयो। वि.सं. २०६८ देखि २०७९ सम्मका सर्वेक्षणमा शारीरिक र यौन हिंसा दुवैको व्यापकतामा केही कमी आएको देखिन्छ। समग्रमा वि.सं. २०६८ र २०७३ को बिचमा शारीरिक हिंसाका विभिन्न स्वरूपहरू थोरै घटेको देखिए पनि "शारीरिक हिंसा" मात्रको अनुभव भने बढेको देखिन्छ।

पहिचान गोप्य राखिने सर्वेक्षणमा समेत केही महिला हिंसाको बारेमा खुलेर कुरा गर्न असमर्थ हुन सक्छन् भन्ने कुरामा पनि ध्यान दिनु जरूरी छ।

स्रोतसाधनमा सीमित पहुँच तथा नियन्त्रणका साथै महिलाका सुरक्षाको अपर्याप्त व्यवस्थापनका कारण शारीरिक र यौन हिंसा बढ्दै गएको देखिन्छ।

**विभिन्न प्रकारका हिंसा भोगेका १५-४९ वर्षका महिला (प्रतिशतमा), २०६८-२०७९**




स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०६८-२०७९, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार **मानव बेचबिखन**को परिभाषा:

"कसैले देहायका कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिनेछ:

क) कुनै पनि उद्देश्यले मानिस किन्ने वा बेच्ने,

ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,


ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अंग झिक्ने,

घ) वेश्यागमन गर्ने।"

## मानव बेचबिखनको जोखिममा महिला तथा बालिका

आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्ममा मानव बेचबिखन पीडितका सम्बन्धमा प्रहरीलाई उजुरी दिने संख्या ३८७ बाट घटेर २११ पुगेको छ। प्रहरीमा उजुरी पर्ने मानव बेचबिखनका दशमध्ये नौओटा उजुरी महिलासँग सम्बन्धित छन् तर हाल महिला र पुरुष दुवैका सन्दर्भमा यस्ता घटनाको संख्या घटेको छ। दुई तिहाइ मुद्दा पीडकविरुद्ध परेको र मानव बेचबिखनविरुद्धको कारबाहीलाई सरकारको तर्फबाट बलियो बनाइएको छ।


**प्रहरीमा उजुरी परेका मानव बेचबिखनका घटना, २०७५/७६-२०७९/८०**




स्रोत: नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरो, २०७५/७६-२०७९/८०

मानव बेचबिखन एउटा गम्भीर मानवअधिकार उल्लङ्घन हो, जसले महिला तथा बालिकालाई बढी असर गर्छ। गरिबी, लैङ्गिक भेदभाव, शिक्षा र रोजगारीका अवसरको अभाव र स्वास्थ्य सेवामा सीमित पहुँचजस्ता विभिन्न कारणले गर्दा विशेष गरी महिला र बालिका बेचबिखनमा पर्ने गर्छन्। आदिवासी वा अल्पसंख्यकजस्ता सीमान्तकृत समुदायका महिला वा आप्रवासी विशेष गरी बेचबिखनको जोखिममा पर्ने गर्दछन्। मानवतस्करले प्रायः संकटापन्न महिलालाई राम्रो कामको अवसर वा विदेशमा सुखी जीवनको आश्वासन दिएर शिकार बनाउँछन्। राष्ट्रिय मानव अधिकार आयोग, नेपालको मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०७९ मा १९ लाख नेपाली मानव बेचबिखनको जोखिममा रहेको अनुमान गरेको देखिएको छ।

**मानव बेचबिखनका पीडकविरुद्ध उजुरीका घटना (संख्यामा), २०७५/७६-२०७९/८०**




स्रोत: नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरो, २०७५/७६-२०७९/८०


मानव बेचबिखनको रोकथाम र कारबाही नेपाल सरकारको प्राथमिकता हो। फलस्वरुप, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को तर्जुमा गरी नेपालमा मानव बेचबिखनविरुद्ध कानूनी व्यवस्था गरिएको छ। मानव बेचबिखन रोकथामका लागि मुख्य जिम्मेवार निकायका रूपमा राष्ट्रिय मानव अधिकार आयोग नेपाल, राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरो पर्दछन्।

## प्रजनन उमेरका महिलाको मृत्युको एक कारण आत्महत्या पनि

आत्महत्या सार्वजनिक स्वास्थ्य, मानव अधिकार र लैङ्गिक समस्या हो। नेपालमा मातृ मृत्यु अनुपात घटे तापनि त्यसको प्रतिस्थापन गर्दै प्रजनन् उमेरका महिलामा आत्महत्या मृत्युको एउटा कारण बनेको छ (सिम्खडा आदि)।

आर्थिक वर्ष २०७७/७८ मा प्रहरीले ४,२२२ जना पुरुष र २,९१९ जना महिलाले आत्महत्या गरेको रेकर्ड गरेको छ। प्रहरीमा भएको तथ्याङ्कअनुसार आत्महत्या गर्ने हरेक १० जनामा ४ जना महिला र ६ जना पुरुष रहेका छन्।

**प्रहरीमा दर्ता भएका आत्महत्याका घटनाको लैङ्गिक हिस्सा (प्रतिशतमा), २०७७/७८**





स्रोत: नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, अभिलेख तथा विश्लेषण शाखा, २०७७/७८

विश्वव्यापी रूपमा पुरुषको आत्महत्या दर महिलाको तुलनामा २.३ गुणा बढी हुने गर्छ, जबकि नेपालमा पुरुषको आत्महत्या दर महिलाको तुलनामा १.४ गुणा मात्र बढी छ। तर अन्य देशको तुलनामा नेपालमा महिलाको आत्महत्या दर पुरुषको दरको करिब करिब बराबरी छ (विश्व स्वास्थ्य संगठन, २०७६)।

आर्थिक वर्ष २०७६/७७ मा महिला र पुरुष दुवैको आत्महत्या दर अन्य वर्षको तुलनामा बढी थियो र पुरुषको आत्महत्या दर त्यस वर्ष महिलाको तुलनामा झण्डै दोब्बर बढी थियो भन्ने पनि तथ्याङ्कले देखाउँछ। कोभिड-१९ महामारीको समयमा लगाइएको प्रतिबन्ध यसको एक प्रमुख कारण हुन सक्छ। उदाहरणको लागि, त्यस समयले धेरै पुरुषलाई पर्याप्त आय-आर्जन गर्न अफ्ठ्यारो परेको थियो।

विश्व स्वास्थ्य संगठनले नेपालका लागि निकालेको आत्महत्या तथ्याङ्कभन्दा नेपालमा प्रहरीको रेकर्डमा देखाइएको आत्महत्या संख्या बढी रहेको देखिएकोले यी तथ्याङ्कमा अनिश्चितता देखिन्छ।

**आत्महत्याको लिङ्गगत अवस्था, २०७४/७५-२०७७/७८**




स्रोत: नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, अभिलेख तथा विश्लेषण शाखा, २०७४/७५-२०७७/७८

## हिंसाको अनुभव उच्च आत्महत्याको कारण हुन सक्छ

एक अध्ययनले देखाएअनुसार नेपाली महिलाका लागि आत्महत्याको केही कारकमा दुर्व्यवहार, वैवाहिक सम्बन्धमा विवादलगायत अन्य समस्याहरू बताइएका थिए (सरिना प्रधान कसजु र अन्य, २०७८)। साथै, आत्महत्या गर्ने महिलामध्ये ६१ प्रतिशतले आत्महत्या गर्नु अघिको तीन महिनाभित्र शारीरिक दुर्व्यवहार भोगेको पोस्टमार्टम प्रतिवेदनमा पाइएको थियो। आत्महत्या गर्ने प्रजनन् उमेरका महिलामध्ये ७३ प्रतिशत विवाहित थिए।

## आत्महत्या रोकथामका लागि नीति

विगतका वर्षहरूमा नेपालमा वार्षिक आत्महत्या दर बढ्दै गएको छ। यसैलाई मध्यनजर गर्दै प्रतिनिधिसभाको महिला तथा सामाजिक मामिला समितिले आत्महत्या रोकथामका उपायहरू प्रारम्भ गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएको थियो। जसमध्ये नेपाल सरकारले वि.सं. २०७७ मा आत्महत्या रोकथाम गर्न हेल्पलाइन ११६६ स्थापना गरेको छ।

# सन्दर्भ सूची


Central Bureau of Statistics. (2002). National Population Census 2001. Government of Nepal.

Central Bureau of Statistics. (2011). Nepal Living Standards Survey 2010-2011, Statistical Report, Volume I. Government of Nepal.

Central Bureau of Statistics. (2012). National Population Census 2011. Government of Nepal.

Central Bureau of Statistics. (2014). Population Monograph of Nepal 2014 Volume I. CBS and UNFPA Nepal.

Central Bureau of Statistics. (2015). Nepal Multiple Indicator Cluster Survey (MICS), 2014. Government of Nepal.

Central Bureau of Statistics. (2018). Report on the Nepal Labour Force Survey 2017/2018. CBS and ILO Nepal.

Central Bureau of Statistics. (2020). Nepal Multiple Indicator Cluster Survey 2019, Survey Findings Report. CBS and UNICEF Nepal.

Centre for Education and Human Resource Development. (2023). Flash Report I of IEMIS 2022/23. Ministry of Education, Science and Technology. Government of Nepal.

Criminal Investigation Department – "Objective crime investigation, respect for human rights", accessed 21.10.2023. "Together with Citizens in fighting all forms of Gender Based Violences".

Food for Life Nepal, accessed 14.10.2023. Mid-day meals.

Human Rights Watch (HRW), 05.07.2023. Nepal's Historic Achievement on Marriage Equality - Becomes the Second Country in Asia to Register Same Sex Marriage. Meenakshi Ganguly.

International Labour Organization and Central Bureau of Statistics. (2021). Nepal Child Labour Report 2021. Based on the data drawn from Nepal Labour Force Survey 2017/18. Government of Nepal.

International Labour Organization, accessed 24.10.2023. Informal economy in Nepal.

International Labour Organization, Walk Free, and International Organization for Migration. (2022). Global Estimates of Modern Slavery: Forced Labour and Forced Marriage. Geneva, 2022.

Kasaju, S.P., Krumeich, A. & Van der Putten, M. (2021). Suicide and deliberate self-harm among women in Nepal: a scoping review. BMC Women's Health 21, 407, 2021. https://doi.org/10.1186/s12905-021-01547-3

Koirala, S. (2022). Women's Land Ownership and Gender Equality in Nepal. Journal of Applied Social Science, 16(2), 533-547. https://doi.org/10.1177/19367244221077624

Ministry of Health and Population, New ERA, and ICF International Inc. (2012). Nepal Demographic and Health Survey 2011. Government of Nepal.

Ministry of Health and Population, New ERA, and Macro International Inc. (2007). Nepal Demographic and Health Survey 2006. Government of Nepal.

Ministry of Health and Population and National Statistics Office. (2023). National Population and Housing Census 2021: Nepal Maternal Mortality Study 2021. Government of Nepal.

Ministry of Health and Population, New ERA, and ICF., (2023). Nepal Demographic and Health Survey 2022. Government of Nepal.

Ministry of Health, New ERA, and ICF. (2017). Nepal Demographic and Health Survey 2016. Government of Nepal.

Mishra Khushbu Mishra,. & Sam Abdoul A.G. Sam, (2016). Does Women's Land Ownership Promote Their Empowerment? Empirical Evidence from Nepal., World Development, Volume 78, 2016, Pages 360-371, ISSN 0305-750X, https://doi.org/10.1016/j.worlddev.2015.10.003.

Central Bureau of Statistics. (2020). National Economic Census 2018. Government of Nepal.

National Statistics Office of Nepal. (2023). National Population and Housing Census 2021. Government of Nepal, Office of the Prime Minister and Council of Ministers.

Nepal Rastra Bank (NRB). (August 2021). Financial Access in Nepal. Statistics Division, Economic Research Department, Nepal Rastra Bank.

Paudel, Manusha. (2021). Spousal Violence in Rural Nepal: Prevalence and Risk Factors. Journal of Population and Development. 2. 116-129. 10.3126/jpd.vjpd. v2i1.43484.

Sekine, Kazutaka K. & Hodgkin, Marian E. (2017). Effect of child marriage on girls' school dropout in Nepal: Analysis of data from the Multiple Indicator Cluster Survey 2014. PLOS ONE. 12. e0180176. 10.1371/journal.pone.0180176.

Simkhada, P., van Teijlingen, E., Winter, R. C., Fanning, C., Dhungel, A. and Marahatta, S. B. (2015). Why are so many Nepali women killing themselves? A review of key issues. Journal of Manmohan Memorial Institute of Health Sciences, 1 (4), 43 -49.

The World Bank. (2017). The long road to gender equality in Nepal. World Bank blogs, Richa Bhattarai.

UNFPA Asia-Pacific Regional Office. (2020). Child Marriage and Other Harmful Practices: A Desk Review of Evidence from South Asia, UNFPA, Bangkok, 2020

University Grants Commission. (2022). Annual report 2020/21. Sanothimi, Bhaktapur, Government of Nepal.

World Health Organization. (2016). New guidelines on antenatal care for a positive pregnancy experience. Departmental news. Website accessed 24.10.2023.

World Health Organization. (2021). Suicide worldwide in 2019: global health estimates. Geneva: World Health Organization; 2021. Licence: CC BY-NC-SA 3.0 IGO.

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय. (२०७४). मुलुकी फौजदारी कार्यविधि संहिता २०७४. नेपाल सरकार

नेपाल कानून आयोग. (२०७५). शिक्षा ऐन २०२८ (सन् १९७१). नेपाल सरकार

नेपाल कानून आयोग. (२०७५). शिक्षा नियमावली, २०५९ (सन् २००२). नेपाल सरकार

